# महोत्तरी गाउँपालिकाको शिक्षा योजना
# (२०८१-२०९०)

## Mahottari Rural Municipality Education Plan (2024/25-2033/34)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# विषयसूची

हाम्रो भनाई

योजनाको सारांश

१.विषय प्रवेश........................................................................................................६

२.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य...................................................................६

३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य..................................................................६

४.शिक्षा योजना निर्माणको आधार.............................................................................................७

५.शिक्षा योजना निरं प्रक्रिया.......................................................................................................८

६.योजना लेखाजोखा...............................................................................................................८

परिच्छेद १ : परिचय................................................................ Error! Bookmark not defined.

१.१ वर्तमान अवस्था ........................................................ **Error! Bookmark not defined.**

१.२ मुख्य समस्या तथा चुनौती विश्लेषण .................................. **Error! Bookmark not defined.**

१.३ शिक्षा क्षेत्रका चुनौतिको SWOT विश्लेषण ............................ **Error! Bookmark not defined.**

१.४ अवसर ........................................................................ **Error! Bookmark not defined.**

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण....................... Error! Bookmark not defined.

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ........ **Error! Bookmark not defined.**

२.२ दुरदृष्टि ...........................................................................................................

२.३ लक्ष्य:.............................................................................. **Error! Bookmark not defined.**

२.४ उद्देश्य ............................................................................ **Error! Bookmark not defined.**

२.५ रणनीतिहरु: ...................................................................... **Error! Bookmark not defined.**

२.६ कार्यनीति: ........................................................................ **Error! Bookmark not defined.**

२.७ अपेक्षित उपलब्धि:.............................................................. **Error! Bookmark not defined.**

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण: ........................ **Error! Bookmark not defined.**

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु .................................. Error! Bookmark not defined.

३.१ प्रारम्भिक बालविकास र शिक्षाः ....................................... **Error! Bookmark not defined.**

३.२ आधारभूत शिक्षाः ....................................................... **Error! Bookmark not defined.**

३.३ माध्यमिक शिक्षा ......................................................... **Error! Bookmark not defined.**

३.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सीप विकास तालिम.................................**Error! Bookmark not defined.** ३.५ ...........अनौपचारिक शिक्षा र आजीवन सिकाइ.............................................................. **Error! Bookmark not defined.**

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र .................................... Error! Bookmark not defined.

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्यांकन........... **Error! Bookmark not defined.**

४.२ शिक्षक व्यवस्थापन र विकास.......................................... **Error! Bookmark not defined.**

४.३ शैक्षिक समता र समावेशीकरणः...................................... **Error! Bookmark not defined.**

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम............................... **Error! Bookmark not defined.**

४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशिलता ........... **Error! Bookmark not defined.**

४.६ विद्यालय भौतिक पूर्वाधार विकास..................................... **Error! Bookmark not defined.**

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ................................ **Error! Bookmark not defined.**

परिच्छेद ५ : अन्य उपक्षेत्र

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ............................................ Error! Bookmark not defined.

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास................ **Error! Bookmark not defined.**

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध......................... **Error! Bookmark not defined.**

परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन ........................................... Error! Bookmark not defined.

परिच्छेद ८ : अनुगमन तथा मुल्यांकन............................................... Error! Bookmark not defined.

# हार्दिक आभार

देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो महोत्तरी गाउँपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ । महोत्तरी गाउँपालिकाले शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना २०८१-२०९० तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको १० बर्षे मार्गदर्शन हो । यही मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा गाउँपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति ,शिक्षा युवा तथा खेलकुद शाखा शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग सुझाव सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

.............................

दिलिप कुमार पाण्डेय

गाउँपालिका अध्यक्ष

महोत्तरी गाउँपालिका

# प्राक्कथन

शिक्षामा सबैको पहुँच गुणस्तरीय  शिक्षाको सुनिश्चितता प्रविधिमैत्री समान सहभागिता शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तरराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा  सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

महोत्तरी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक सुधारका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने महोत्तरी गाउँपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा बिकाश तथा समन्वय इकाइ र प्रारम्भिक कक्षा पढाई  कार्यक्रम तथा पि.पि.सि. संस्थालाई धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण लेखन समिति, प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय समयमा सल्लाह सुझाव प्रदान गरी सहयोग पऱ्याउने गाउँपालिका परिवार, गाउँ  शिक्षा समिति, प्रधानाध्यापक, शिक्षक पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, प्रारम्भिक कक्षा पढाई कार्यक्रम, राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

......................................

**जुली ठाकुर**

**शिक्षा युवा तथा खेलकुद शाखा**

**शिक्षा अधिकृत ( सातौ )**

**महोत्तरी गाउँपालिका**

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारीरूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेकोले यस महोत्तरी गाउँपालिकाले शिक्षा योजना तयार गर्ने कार्य गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र यस महोत्तरी गाउँपालिकामामा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११, ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाका अधिकार तोकिएका छन्। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि यस महोत्तरी गाउँपालिकाको शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा यस पालिकाले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरिएको हो।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

३.१ तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न

३.२० सङ् घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३.३ कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

३.४ साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ३.५ शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

यस गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुलाई मूल आधार बनाइ अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ :

४.१ नेपालको संविधान

४.२ सोह्रौं आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४.४ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

४.१० स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ स्थानीय तहको मध्यमकालीन खर्च संरचना

४.१२ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१३ विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा स्थानीय तहको शिक्षा समितिको नेतृत्वमा गर्नुपर्छ। स्थानीय तहले आवश्यक देखेमा योजना तर्जुमा समिति, अन्य समिति वा उपसमिति गठन गर्न सक्ने छ। योजना निर्माणको मुख्य समूहमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुख तथा सामाजिक विकास समितिका संयोजकलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने छ। यस अतिरिक्त आवश्यकताअनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञ तथा प्राविधिकलाई (स्थानीय तहभित्रका कलेज, विद्यालय वा अन्य व्यक्तिबाट) आमन्त्रित गर्न सकिन्छ। योजना निर्माण समितिलाई सहजीकरण गर्न र जिम्मेवार बनाउन लिखित कार्य विवरण दिन सकिन्छ।

अन्य योजनामा जस्तैः स्थानीय तह शिक्षा योजनाको निर्माणमा पनि स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गर्नुपर्छ र सोका लागि देहायका विषयलाई ध्यान दिनुपर्छ। योजनाको यस भागमा शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रक्रिया उल्लेख गर्नुपर्छ साथै बैठकका निर्णय र उपस्थिति अनुसूचीमा समावेश गर्नुपर्छ :

५.१ गाउँ सभा र गाउँ कार्यपालिका स्तरीयको बैठक

५.२ योजना निर्माण समितिको गठन

५.३ गाउँपालिकाको शिक्षा क्षेत्रको अवस्था विश्लेषण

५.४ गाउँ/ टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी/गैरसरकारी सङ्घसंस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन

५.५ गाउँपालिका तथा विद्यालय स्तरीय छलफल

५.६ योजनाको मस्यौदा तयारी

५.७ मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

५.८ योजनाको अन्तिमीकरण

५.९ वाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन

५.१० गाउँ कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ६. योजनाको लेखाजोखा

यस पालिकाको शिक्षा योजना निर्माण गरिसके पछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनपु र्छ जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको

अभिन्न अङ्ग हो । निर्माण गरिएको योजनाको लेखालोखा कार्यलाई गाउँपालिकाले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकी सम्पन्न गरिएको छ । योजनाको लेखाजोखा गर्दा तालिकामा दिइएका पक्षको सूक्ष्म विश्लेषण गरिएको छ :

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्बोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ? |

| | | |
|---|---|---|
| | | • योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिकरूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

# परिच्छेद १
# परिचय

## १.१ वर्तमान अवस्था

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई  संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र  प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग

सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोर्हौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार महोत्तरी गाउँपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्ख्यिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

### १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP , 2020) मानव विकास सूचकाङ्क (०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ ।यो पालिका विविधताले भरिएको क्षेत्र हो। यहाँ विभिन्न जातजाति, धर्म, भाषा र संस्कृतिका समुदायहरू सह-अस्तित्वमा रहेका छन्।प्राय यहाँ मैथली र नेपाली भाषा बढी प्रयोग भएको पाइन्छ । यस गाउँपालिकामा जम्मा ३५ जातजाति तथा ६ भाषाभाषी रहेका छन्। जातजातिगत आधारमा यहाँ यादव, ब्राह्मण/भुमिहार, पासवान, मुसहर, सुडी, मुसलमान र कुर्मी समुदायको उच्च उपस्थिति रहेको छ। साथै, दलित समुदायको पनि उल्लेख्य बसोवास रहेको छ।

प्रमुख धार्मिक स्थलहरूमा दुर्गा मन्दिर, ब्रह्मस्थान, सीता कुण्ड, हनुमान मन्दिर, महारानी मन्दिर, शिव मन्दिर, लक्ष्मीनारायण मन्दिर, ठाकुरवारी, मिथिला विहारी परिक्रमा, माण्डव ऋषि आदि रहेका छन्। यी धार्मिक स्थलहरूले स्थानीयवासी तथा तीर्थयात्रीहरूको आस्था बढाउँदै धार्मिक पर्यटनलाई प्रवर्द्धन गरिरहेका छन्।

हिन्दू समुदायमा दशैं, तिहार, छठ, होली, शिवरात्रि, विवाह पञ्चमी, कृष्णाष्टमी, दुर्गा पूजा, तीज, भारदुतिया (बजरी) लगायतका चाडपर्वहरू मनाइन्छन्, जसमध्ये दीपावली, छठ र होली विशेष रूपमा आकर्षक मानिन्छन्। मुस्लिम समुदायमा रमजान, ईद-उल-फितर, बकरिद, मोहरम, ताजिया आदि पर्वहरू मनाइन्छन्।

यसबाहेक, मुसहर समुदायले भुइयाँ महाराजको पूजा विशेष रूपमा मनाउँछ भने दुसाध समुदायले सहलेश भगवानको पूजालाई महत्वपूर्ण मान्छ। यी सबै सांस्कृतिक एवं धार्मिक परम्पराहरूले समुदायहरूबीच मेलमिलाप बढाउँदै सामाजिक सद्भाव कायम राख्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरुः**

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र बिगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून(२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैंकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

सङ्घीय स्तरमा मध्यकालिन खर्च संरचना (MTEF) मा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्षको वृद्धिदर तथा राष्ट्रिय कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

**तालिका १.१: मध्यकालिन खर्च संरचना प्रक्षेपण (सन् २०२०/२०२३)**

| | 2015/16 | 2016/17 | 2017/18 | 2018/19 | 2019/20 | MTEF 2020/2023 (प्रक्षेपण) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 2020/21 | 2021/22 | 2022/23 |
| कुल गार्हस्थ उत्पादन (हालको मूल्य रु. अरबमा) | 2,253.2 | 2,674.5 | 3,044.9 | 3,458.8 | 3,767.0 | 4,312.9 | 5,024.3 | 5,837.0 |
| % आर्थिक वृद्धि | 0.6 | 8.2 | 6.7 | 7.0 | 2.3 | 7.0 | 9.9 | 9.6 |
| % मूल्य वृद्धि | 5.2 | 9.7 | 6.7 | 6.2 | 6.5 | 7.0 | 6.0 | 6.0 |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | 79,500 | 93,100 | 104,600 | 117,300 | 126,000 | 142,000 | 163,400 | 187,600 |
| % प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (स्थिर मूल्यमा) | -0.8 | 6.8 | 5.3 | 5.6 | 0.9 | 5.3 | 8.6 | 8.3 |

*स्रोत: NPC, 2020a.*

यो प्रक्षेपण कोभिडको माहामरीले रोजगारी र उत्पादनमा आएको ह्रासलाई गति लिन लाग्ने समयलाई विचार गर्दा यसमा प्रक्षेपण गरिएको आगामी तीन वर्षको आर्थिक वृद्धिदर महत्त्वाकांक्षी देखिन्छ । राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) करिब २५ प्रतिशत वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणमा आधारित भएको तर कोभिड–१९ का कारण वैदेशिक रोजगारीमा कमी आउन सक्ने आकलन छ भने नेपालमा पनि विभिन्न पर्यटनलगायत क्षेत्रमा अपेक्षित गतिमा आर्थिक वृद्धि हुन सक्नेमा विश्वस्त हुने आधार नभएकाले यो प्रक्षेपणलाई कोभिड पछिको अवस्थाको विश्लेषणका आधारमा पुनरालवलोकन गर्नु पर्ने देखिन्छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमशः ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ (NPC, 2020a)।

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि बागमती प्रदेशमा जनसङ्ख्या (२०.९%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८%) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्यून छ (१३.८%) । अरु पाँचओटै प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहे पनि मधेश प्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिब

बिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १०% सँग ४० % को हाराहारीमा र न्यून आय हुने तल्लो ५०% सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/ ।

माथि उल्लेख गरी झैं यस पालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेष्ण गर्दा यस महोत्तरी गाउपालिकाको बहुसंख्यक मानिसहरु ८५ प्रतिशत अझै पनि कृषि पेशामा नै निर्भर छन्। उनीहरुको पहुंच ऋण सुबिधा र बैकल्पीक श्रोत माथी सीमित छ । त्यसकारण उनीहरु साहू महाजनबाट बढी ब्याजमा ऋण लिन बाध्य छन्। अचेल बैदेशिक रोजगारीमा युवाहरुको चासो निकै बढेको छ । यो गाउपालिका गाउं नै गाउंले भरिएको र धेरैजसो जनताहरु परम्परागत कृषिप्रणालीमा नै आधारित रहेको हुनाले आर्थिक स्थिति निक्कै नै कमजोर रहेको पाईन्छ । यहां रोजगारीको अवसर पनि कम भएकोले गरीवहरु भारतको पंजाव, दिल्ली, मुम्वई जस्ता शहरहरुमा कामकाज गरी आयआर्जन एवं जिविकोपार्जनका लागि विदेशिन्छन् भने त्यस्तै हाल धेरै मानिसहरु मलेशिया, दुवई, अरव, कतारतिर पनि गएको पाइन्छ । वाहिर जाने मानिसहरुको सामाजिक तथा आर्थिक अवस्थामा सुधार पनि आएको पाईन्छ ।

**क) कृषि योग्य भुमि र उत्पादन**

**सिंचाइः**

यहाँका समथर भूमिहरुमा वाहै महिना कृषि तथा पशुपालन र फलफूल खेतीको व्यवसायीकरण गर्ने प्रचुर सम्भावना रहेको छ । छिटफुट रुपमा यसतर्फको आकर्षण पनि प्रारम्भ भैसकेको हुनाले यसको अझ व्यापक विस्तार र बजारीकरणबाट प्रर्याप्त मात्रामा आर्थिक गतिविधि तथा रोजगारी सिर्जना हुन सक्ने देखिन्छ ।

**कृषि**

यहाँको समथर भूमिमा वर्षभरि नै कृषि, पशुपालन तथा फलफूल खेती व्यवसायीकरण गर्ने ठूलो सम्भावना छ। हाल छिटफुट रूपमा यसतर्फ आकर्षण देखिए पनि यसको व्यापक विस्तार र बजारीकरणले आर्थिक गतिविधि र रोजगारी सिर्जना गर्न सक्ने सम्भावना छ। गाउंपालिकामा करिब २१७९ हेक्टर खेतीयोग्य जमिन छ, जसलाई प्रभावकारी रूपमा उपयोग गर्न अंकुसी सिंचाई योजना (गोनरपुरा) लगायतका योजनाहरू कार्यान्वयन गरिएका छन्। हालसम्म करिब 550 हेक्टर क्षेत्रफल सिंचित भइसकेको छ। साथै, थप सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न स्थानमा डिप बोरिंगको व्यवस्था गरिएको छ। कृषि उत्पादन वृद्धि गर्न कृषि विद्युतीकरणलाई प्रवर्द्धन गर्दै किसानहरूलाई विद्युतीय मोटर वितरण गरिएको छ, जसले सिंचाई व्यवस्थापनमा सुधार ल्याउने र उत्पादन वृद्धिमा योगदान गर्ने विश्वास गरिएको छ।

सिंचाई सुबिधा

| उपलब्ध सुबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | २१७९ |
| सतह सिंचाई | |
| भूमिगत सिंचाई | |
| कुल सिँचाइ क्षेत्र | |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र | |

स्रोतः

## १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ६००४ | ८७७ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |
| २ | ५४६७ | ९५३ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | मृत्यु दर्ता जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |
| ३ | ६६२९ | १२१३ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |
| ४ | ३२२९ | ५१० | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |
| ५ | ३६५५ | ५६० | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |
| ६ | ३८२३ | ७४८ | विद्युत | खानेपानी | नि:शुल्क स्वास्थ सेवा | जन्म दर्ता, बिबाह दर्ता , | सामाजिक सुरक्षा |

### **१.२.३ भौगोलिक तथा जनसाङ्खिक स्वरूप** (Geographical Background and Demographic Characteristics/Structure)

महोत्तरी गाउँपालिकामा कुल ५६८७ घरधुरी छन् र २८८०७ जनसंख्या रहेको छ ।जातजाती जनसंख्याको आधारमा पहिलोमा यादव ४२१२, दोश्रोमा व्राम्हण भुमिहार २८६८ र त्यसैगरी मुस्लिम २३५५, सुडी ११, धानुक १८१३, पासवान २१०८, तत्मा १४७२, कुर्मी १०६४, मुसहर १०८५, खत्वे ८२९, तेली ७८२,सोनार ८००, कुम्हार ६६६, धोवी ४१५, नुनिया ३१७, हलुवाई २२३, राजपुत ३०६, काईस्त १७३, बडई ५००, विन ३७६, मालि १०३, अमात १७८, कथवनिया ४०, डोम ५८, पंजाती २७५, धुनिया ४५, बंगाली ३६, मलांह २१ केवट ५६, चमार ११२३, कलवार ३९४, हजार ४८१, कानु १५५, लोहार २९२, र अन्य ४५१ जनसंख्या गरी जम्मा जनसंख्या २७४३० रहेका छन् । भने अल्पसंख्यकको रुपमा डोम, कथबनिया, मालि, मलाह, धुनिया, लोहार र केवटहरु रहेका छन् ।जातियताको दृष्टिकोणबाट हेर्दा यस गा.बि.स मा यादव जातीको बाहुल्यता छ त्यसपछि दोश्रोमा व्राह्मण भुमिहार तथा तेश्रोमा मुस्लिम रहेका छन्।

#### **१.२.३.१ भौगोलिक पृष्ठभूमि** (Geographical Background)

#### **१.२.३.२ भौगोलिक अवस्था**

नेपालको ७ प्रदेश ७७ जिल्ला र महोत्तरीको १० गाउँपालिका र ५ गाउपालिका मध्ये महोत्तरी गाउपालिका जनकपुर अंचलको एक गाउपालिका हो । कुल २८.०८बर्गकि. मी. क्षेत्रफलमा फैलिएको यो गाउपालिका साविकको ३ वटा गाउ विकासहरु क्रमशः डाम्ही मडै, गोनरपुरा र महोत्तरी मिलेर बनेका छन् । यस गाउ कार्य पालिकाको कार्यालय साविकको महोत्तरी गाविस भवनमा रहेको छ । यो गाउ पालिका सदरमुकाम जलेश्वरबाट ४ माईल उत्तरमा रहेको छ ।महोत्तरी गाउपालिका अक्षांस २६' ६८" र देशान्तर ८५' ८२" मा अवस्थित रहेको छ । यस गाउपालिकाको पूर्बमा पिपरा गाउपालिका, पश्चिममा एकडारा गाउपालिका, उत्तरमा बलवा गाउँपालिका तथा दक्षिणमा जलेश्वरमा गाउँपालिका पर्दछ ।

#### **१.२.३.३ नदीनाला**

यस पालिकामा प्रमुख २ नदि रहेको छ | जसले बाढीको सम्भावना हुन्छ भने यिनै नदि बाट सिंचाईको सम्भावना पनि रहेको छ | उदाहरणको लागि विग्ही नदीमा सी.डी.ओ. बाँधले वडा नं १ को सनुखडा र पर्सा तथा वडा नं २ को अनैठा र महोत्तरी गाउँमा बाढीबाट बचाउन र सिंचाईमा मदत पुर्याउछ ।

१. रातो नदि

२. विग्ही नदि

१.२.३.४ हावापानी

**यस गाउँपालिकामा १८०० देखि २२०० मि.लि. औसत वर्षा हुने गर्छ ।**

**१.२.३.५ प्राकृतिक बिपत र तिनको सम्भावना**

**यस पालिका गर्मीमा आलागी, वर्षयाममा बाढी, चट्याङ र जाडोमा सितलहर सम्भावना रहन्छ ।**

**१.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)**

तालिका... प्रमुख जातजातीहरू

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| यादव | ४८३४ | १६.८ |
| मुस्लिम | ३१४४ | १०.९ |
| दुसाद / पासवान /पासी | २२७४ | ७.९ |
| तत्मा | १८२५ | ६.३ |
| धानुक | १७०६ | ५.९ |
| चमार | १२८१ | ४.४ |
| सुडी | १२४५ | ४.३ |
| भूमिहार | १२२४ | ४.२ |
| खत्वे | ११८९ | ४.१ |
| कोइरी कुशवाहा | ८९२ | ३.१ |

**स्रोत :- राष्ट्रिय जनगणना २०७८**

**तालिका... भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| मैथली | २८२८८ | ९८.२ |
| मग्ही | २७८ | १ |
| उर्दु | ११९ | ०.४ |
| नेपाली | | ०.२ |
| हिन्दी | | ०.१ |
| बज्जिका | | ०.१ |

**स्रोत :- राष्ट्रिय जनगणना २०७८**

**तालिका... प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | | ८२.७ |
| इस्लाम | | ११.३ |

**स्रोत : राष्ट्रिय जनगणना २०७८**

**छ) जनसाङ्खिक स्वरूप**

जनसाङ्खिक स्वरूप र प्रबृत्ति (जन्म दर, बसाई सराई, सुकुम्बासी, सरणार्थी, घुमन्ते/फिरन्ते.....)

लैंगिक, अपाङ्गता र बिशेष जातजाती

तालिका...... २०६८ मा र २०७८ को कुल जनसंख्या

| **उमेर समूह** | **जनसङ्ख्या** | |
|---|---|---|
| | **२०६८** | **२०७८** |
| ०-४ वर्ष | २८११ | ३२७४ |
| ५-९ वर्ष | ६८८१ | ३३४३ |
| १०-१४ वर्ष | ३६५९ | ३०७९ |
| १५-१९ वर्ष | २३४४ | २९१७ |
| २०-२४ वर्ष | १९४९ | २६३८ |

| | | |
|---|---|---|
| २५-२९ वर्ष | १९५८ | २१४९ |
| ३०-३४ वर्ष | १८११ | १८०० |
| ३५-३९ वर्ष | १७६१ | १८०६ |
| ४०-४४ वर्ष | १५१९ | १४३३ |
| ४५-४९ वर्ष | १२७९ | १२९१ |
| ५०-५४ वर्ष | ११६५ | ११३७ |
| ५५-५९ वर्ष | ९२३ | ९६३ |
| ६०-६४ वर्ष | ८३९ | ९७३ |
| ६५-६९ वर्ष | ७२२ | ८१४ |
| ७०-७४ वर्ष | ४४७ | ६९० |
| ७५-७९ वर्ष | १२२ | २७२ |
| ८०-८४ वर्ष | १०५ | ११८ |
| ८५-८९ वर्ष | ३५ | ४९ |
| ९०+ वर्ष | ४९ | ६१ |
| जम्मा | २७४३० | २८८०७ |

*स्रोत:*राष्ट्रिय जनगणना २०६८ र २०७८

तालिका...... २०७८ मा कुल, दलित र जनजातीको जनसंख्या

| **वार्ड** | **जम्मा जनसङ्ख्या** | | |
|---|---|---|---|
| | **महिला** | **पुरूष** | **जम्मा** |
| १ | ३१०० | २९०४ | ६००४ |
| २ | २७७४ | २६९३ | ५४६७ |
| ३ | ३४१२ | ३२१७ | ६६२९ |
| ४ | १७०० | १५२९ | ३२२९ |
| ५ | १७९४ | १८६१ | ३६५५ |
| ६ | २०१५ | १८०८ | ३८५५ |
| जम्मा | १४७९५ | १४०१२ | २८८०७ |

*स्रोत:*रास्ट्रीय जनगणना २०७८

**२०७८ र २०८६ सम्मको प्रक्षेपित बिद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मामा)**

| **उमेर समूह** | **२०७८ को जनगणना** | **प्रक्षेपित जनसंख्या (जम्मामा)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | ८१३ | ८२१ | ८२५ | ८२८ | ८३२ | ८३६ | ८४० | ८४४ | ८४८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ७२१ | ७२९ | ७३२ | ७३६ | ७३९ | ७४३ | ७४६ | ७५० | ७५३ |
| ५ | ८४५ | ८५३ | ८५७ | ८६१ | ८६५ | ८६९ | ८७३ | ८७७ | ८८१ |
| ५-९ | ३३४३ | ३३७५ | ३३९० | ३४०५ | ३४२३ | ३४३८ | ३४५५ | ३४७० | ३४८५ |
| १०-१२ | १९८० | १९९९ | २००८ | २०१७ | २०२७ | २०३७ | २०४७ | २०५६ | २०६६ |
| ५-१२ | ५३२३ | ५३७४ | ५३९८ | ५४२२ | ५४५० | ५४७५ | ५५०२ | ५५२६ | ५५५१ |
| १३-१४ | १०९९ | ११०९ | १११५ | ११२० | ११२५ | ११३० | ११३६ | ११४१ | ११४६ |
| १५-१६ | १२८५ | १२९७ | १३०३ | १३०९ | १३१५ | १३२१ | १३२७ | १३३५ | १३४१ |
| १३-१६ | २३८४ | २४०६ | २४१८ | २४२९ | २४४० | २४५१ | २४६३ | २४७६ | २४८७ |
| ५+ | २५५३३ | २५७७४ | २५८९५ | २६०१६ | २६१३९ | २६२६२ | २६३८५ | २६५०९ | २६६३४ |
| १५-२४ | ५५५५ | ५६०७ | ५६३४ | ५६६० | ५६८७ | ५७१४ | ५७४० | ५७६७ | ५७९४ |
| १५+ | १९११ १ | १९२९ १ | १९३८ २ | १९४७ ३ | १९५६ ४ | १९६५ ६ | १९७४ ९ | १९८४ २ | १९९३ ५ |
| जम्मा | | | | | | | | | |

**ज) जनसङ्ख्या प्रबृत्ति (बसाई सराई र यसको प्रभाव)**

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व–पश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तर–दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ भने उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् ।  यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेले पालता बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुने र कतिपय स्थानमा हिउँसमेत पर्ने भएकाले यस्ता स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । अधिकांश पहाडी क्षेत्रमा भने मध्यम तापक्रम हुने गर्दछ । हिमाली र पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन्, लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटै क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ । यो जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा करिब ३२.५ प्रतिशत जनसङ्ख्या रहेको छ भने ४ वर्य मुनीको जनसङ्ख्या करिब ७.५ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब ४.३ प्रतिशत रही बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ । प्रदेशगत रूपमा जनसङ्ख्याको वितरणा हेर्दा नेपालको कुल जनसङ्ख्याको प्रदेश १ मा १७.१ प्रतिशत, २ मा २०.४ प्रतिशत, वागमतीमा २०.९ प्रतिशत, गण्डकीमा ९.१ प्रतिशत, लुम्बिनीमा १७.० प्रतिशत, कर्णालीमा ५.९ प्रतिशत र सुदूरपश्चिममा ९.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

## १.२ पालिकाको शैक्षिक सन्दर्भ

### १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँंस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वद्र्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुन सक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसंग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान—प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने

हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौं आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.२.३ शिक्षाको संरचनाः

**Organogram…… Educational Structure in Nepal**



नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.२.४ बिद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा | CLC | अन्य | | इकाईगत सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९- | ११- | ९- | | | | १-५ | ६-८ | ९-१० | ११-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १९ | ४ | ४ | ४ | ० | १ | ० | ० | १ | १ | ५ | ० | २ | २२ | ९ | २२ | ८ | २ | ८ | २२ | ० | ० | १३ | १ | ६ | २ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १४ | ० | ० | २ | ० | १ | ० | ० | ० | ० | ४ | ० | ० | ७ | ४ | ७ | ४ | ० | ४ | ७ | ० | ० | ३ | ० | ४ | ० |
| समुदायिक शुन्य दरबन्दी भएका बिद्यालय | १८ | ७ | ६ | १ | ० | ३ | १ | ० | २ | ० | २ | ० | २ | २४ | ७ | २४ | ४ | २ | ४ | २४ | ० | ० | १७ | ३ | २ | २ |
| सामुदयिक बिशेष बिद्यालय | १८ | ० | ० | १ | ० | ३ | १ | ० | २ | ० | २ | ० | २ | ११ | ७ | ११ | ४ | २ | ४ | ११ | ० | ० | ४ | ३ | २ | २ |
| सामुदयिक धार्मिक बिद्यालयको सङ्ख्या | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० |
| घुम्ती बिद्यालयहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| समाहित शिक्षा सहितका बिद्यालयहरुको सङ्ख्या | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ | ० | ० | ० | २ | ० | ० | २ | ० | ० | ० |
| आवासिय सुबिधा सहितका बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राबिधिक धार सहितका सामुदयिक बिद्यालय (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नमूना बिद्यालय कार्यक्रम सहितका बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | १ |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका बिद्यालयहरु (सबै प्रकारका) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | १ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | १ |
| कक्षा ११-१२ मा बिज्ञान बिषय सहितका सामुदयिक बिद्यालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | १ | १ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खुल्ला बिद्यालय सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सामुदायिक सिकाई केन्द्रहरुको सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० |
| अनौपचारिक बैकल्पिक र प्रौढ बिद्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

१.२.४.१ उच्च शिक्षा र विकास (प्राबिधिक र व्यवसायिक शिक्षा समेत्)

१.२.४ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

क.१) यस पालिकाको सेवा क्षेत्रबाहेक अन्य पालिकाका बालबालिकाहरु भर्ना भै अध्ययनरत र यस पालिकाको सेवा क्षेत्रबाट अन्य पालिकाका बिद्यालयहरुमा भर्ना भै अध्ययनरत कक्षागत र तहगत बिद्यार्थी

ख) कक्षा गत र तहगत जम्मा विद्यार्थी

ख) कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

ख.१) संस्थागत बिद्यालयहरूको शिक्षा बिकासमा योगदान

ग) समुदायिक बिद्यालयमा कक्षा गत र तहगत जम्मा विद्यार्थी

| 2) बिद्यार्थी बिबरण | ECED | | | G1 | | | G2 | | | G3 | | | G4 | | | G5 | | | G6 | | | G7 | | | G8 | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत | 232 | 248 | 480 | 356 | 310 | 666 | 398 | 387 | 785 | 404 | 361 | 765 | 422 | 374 | 796 | 388 | 365 | 753 | 398 | 349 | 747 | 327 | 337 | 664 | 344 | 375 | 719 | 185 |

घ) समुदायिक बिद्यालयका प्रकार अनुसार कक्षा गत र तहगत जम्मा विद्यार्थी

| बिद्यार्थी बिबरण (Stusents details) | Basic Level (1-5) | | | Basic Level (6-8) | | | Secondary Level (9-10) | | | Secondary Level (11-12) | | | Basic Level (1-8) | | | Secondary Level (9-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | 1968 | 1797 | 3765 | 1069 | 1061 | 2130 | 404 | 430 | 834 | 168 | 182 | 350 | 3037 | 2858 | 5895 | 572 | 612 | 1184 |

ङ) सामुदायिक बिद्यालयमा कक्षा गत र तहगत दलित, जनजाती, बिशेष जातजाती (२२ जनजाती र पालिकाबाट पहिचाहन भएका अन्य जातजाती), बिशेषत क्षमता भएका (बिभिन्न अपाङ्गता भएका) जम्मा विद्यार्थी

च) प्राबिधिकधारका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति

छ) खुल्ला बिद्यालय, अनौपचारिक/प्रौढ/बैकल्पिक बिद्यालयका बिद्यार्थीको सङ्ख्या र प्रबृत्ति साथै र निरन्तर शिक्षाको अवस्था

ज) तोकिएका शैक्षिक सूचकहरुमा हालको प्रगती र बिगत ५ बर्षको प्रबित्ति साथै विश्लेषण

१.२.५ शिक्षक सङ्ख्या र प्रबित्ति

| बिद्यालय तह | ECED | | | Lower Basic (G1-5) | | | Upper Basic (G 6-8) | | | Secondary (G 9-10) | | | Secondary (G 11-12) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total | Female | Male | Total |
| सबै प्रकारका बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 15 | 0 | 15 | 60 | 58 | 118 | 2 | 12 | 14 | 0 | 12 | 12 | 1 | 3 | 4 |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | 15 | 0 | 15 | 34 | 31 | 65 | 2 | 12 | 14 | 0 | 12 | 12 | 1 | 3 | 4 |
| सबै प्रकारका सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | 15 | 0 | 15 | 34 | 31 | 65 | 2 | 12 | 14 | 0 | 12 | 12 | 1 | 3 | 4 |
| सामुदायिक बिद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | | | 0 | | | 0 | | | 0 | 0 | 12 | 12 | 1 | 3 | 4 |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| सामुदायिक बिद्यालयमा कार्यरत शिक्षकमध्ये पूर्ण तालिम प्राप्त (शिक्षा बिषय र TPD सहितका शिक्षक) सङ्ख्या | 0 | 0 | 0 | 4 | 8 | 12 | 1 | 4 | 5 | 0 | 5 | 5 | 0 | 0 | 0 |

### १.२.५.१ बिद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रबित्ति विश्लेषण

| सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):- | अनुपात |
|---|---|
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | १:३२ |
| आधारभूततह (कक्षा १-५) | १:५८ |
| आधारभूततह (कक्षा ६-८) | १:१५२ |
| आधारभूत (कक्षा १-८) | १:८५ |
| माध्यमिकतह (कक्षा ९-१०) | १:७० |
| माध्यमिकतह (कक्षा ११-१२) | १:८८ |
| माध्यमिक बिद्यालय (कक्षा ९-१२) | १:७४ |

### १.२.५.२ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १–३ मा औसत कक्षा दोहऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५–१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । सन्

२०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२% मात्र विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका

अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८) समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसुस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४ः नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिक पछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन् ।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार रेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम्सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम्सेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ

जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

**१.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू**

१.४.१ समग्र देशकै शैक्षिक सूचाङ्कलाई हेर्दा मधेश प्रदेश शिक्षा क्षेत्रमा पछाडि परेको देखिन्छ। त्यसमा पनि महोत्तरी जिल्ला त झनै पछाडि रहेको सन्दर्भमा महोत्तरी भित्रकै स्थानीय तह महोत्तरी गा. पा. को शैक्षिक अवस्था कमजोर नै रहेको देखिन्छ । महोत्तरी गा.पा. भित्रका शैक्षिक समस्याहरू बुँदागत रुपमा यस प्रकारका रहेका छन् :

**१. प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका समस्याहरु**

क) तालिम प्राप्त सहजकर्ता नहुने
ख) पाठ्यक्रमकेन्द्रित सहजीकरण गर्न नसक्नु
ग) बालमैत्री कक्षा कोठा, पर्याप्त भौतिक पूर्वाधार विकास नहुदा कक्षा कोठामा मुख्य सिकाईका ६ क्षेत्र निर्धारण गर्न नसक्नु
घ) प्रारम्भिक बाल उमेर समूहका सम्पूर्ण बालबालिकालाई १ बर्षे प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना गर्न नसक्नु|
ङ) कम उमेर तथा बढी उमेर सामुका बालबालिका भर्ना हुँदा कक्षा कोठा तथा सिकाई व्यवस्थापन गर्न कठिन हुनु|
च) अभिभावकहरुको शिक्षा प्रतिको नकारात्मक अवधारण परिवर्तन गर्न नसक्नु |

**२. आधारभूत तह (१-५) मादेखिएका समस्याहरू**

क) विद्यार्थीको नियमित उपस्थिति ज्यादै कम हुनु|
ख) आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकालाई भर्ना गरी नियमित गर्न नसक्नु |
ग) कापी,पेन्सिल जस्ता न्युनतम आवश्यक वस्तुको अभाव हुनु|
घ) व्यक्तिगत सरसफाई र विद्यालको पोशाक,झोला जुत्ताको समेत अभाव देखिनु|
ङ) अभिभावकहरुको विद्यालय शिक्षाप्रतिको न्यूनतम् अपेक्षालाई समेत सम्बोधन गर्न नसक्नु|
च) शिक्षक विद्यार्थीको अनुपात मिलाउन कठिन हुनु|
छ) पाठ्यक्रमले तोकेको न्यूनतम सक्षमता प्राप्त गराउन नसक्नु |
ज) परिक्षा प्रणालीलाई मार्यादित ,विश्वसनीयर उपलब्धिमुलक बनाउन नसक्नु |
झ) कक्षा छाड्ने र कक्षा दोरोर्याउने दरलाई न्यून गर्न नसक्नु |
ञ) आधारभूत तह (१-५) पुरा गर्ने दर न्यून हुनु |
ट) बालमैत्री कक्षाकोठा र शिक्षण सिकाई क्रियाकलाप वातारण निर्माण गर्न नसक्नु |
ठ) स्थानीय पाठ्यक्रम लागु नहुनु|
ड) सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास बढाउन नसक्नु|

**३. आधारभूत तह (६-८) मा देखिएका समस्याहरु |**

क) नियमित उपस्थितिको अभाव हुनु|
ख) आधारभूत तह (१-५) पुरा गरेका सम्पूर्ण बालबालिकालाई यस तहमा भर्ना गर्न र तह पुरा गराउन नसक्नु |
ग) मुख्य तथा अनिवार्य विषयको कमजोर सिकाई उपलब्धि हुनु|
घ) कक्षा दोहर्याउने कम र छोड्ने दर धेरै देखिनु|
ङ) अन्य संस्थागत विद्यालयमा अध्ययन गर्ने र सामुदायिक विद्यालयमा भर्ना भई परीक्षा दिने गलतपरिपाटी रोक्न नसक्नु|

च) परिक्षा प्रणालीलाई मार्यादित ,विश्वसनीयर उपलब्धिमुलक बनाउन नसक्नु ।
छ) बालमैत्री, अपांगमैत्री र छात्रामैत्रै विद्यालय बातावरण र शिक्षण सिकाई नहुनु|
ज) विद्यालय उमेरसमूहका केहि बालबालिका अझै विद्यालय बाहिर रहनु ।
झ) विद्यार्थीको अनुपातमा शिक्षक कम देखिनु ।

**४.माध्यमिक तहमा देखिएका समस्याहरु**

क) विद्यार्थीहरुको कक्षामा न्यून उपस्थिति हुनु|
ख) कक्षाकोठामा निरन्तरता नहुनुका कारण न्यूनतम सिकाई उपलब्धि तथा सिकाई सक्षमता प्राप्त गर्न नसक्नु ।
ग) विद्यार्थीको सङ्ख्या र चापअनुसार सेक्सन विभाजन गरी पठन पाठन कार्य गर्न नसकनु ।
घ) विषयगत शिक्षक पर्याप्त व्यवस्थापन गर्न नसकिनु ।
ङ) लागुलागूपदार्थ दुर्वेशन तथा कुलतमा फस्नु ।
च) उमेर नपुगी बाल विवाह गर्नु ।
छ) तह पुरा नगरी रोजगारीको लागि अन्यत्र जानु ।
ज) लैंगिकमैत्री वातावरण नहुनु ।
झ) बालबालिकाको शिक्षण सिकाई प्रति अभिभावकको चासोकम हुनु ।
ञ) परिक्षा प्रणालीलाई व्यवस्थित बनाउन नसकिनु ।
ट) अनौपचारिक र बैकल्पिक सिकाईको व्यवस्था गर्न नसक्नु ।

**५.कक्षा ११/१२, प्राविधिक धारतर्फका समस्याहरू**

क) विद्यार्थीको रुची, आवश्यकता अनुसारको विविध सङ्काय र विषयको पठन पाठन नहुनु|
ख) पर्याप्त विषयगत दक्ष शिक्षकको अभाव हुनु ।
ग) शिक्षालाई पूर्ण नि शुल्कःबनाउन नसक्नु ।
घ) तुलनात्मक रुपमा बालिकाहरुको उपस्थिति न्यून हुनु ।
ङ) पालिकाभरिमा एक मात्र प्राविधिक धारको विद्यालय हुनु|
च) Science Faculty अन्तर्गतको कक्षा ११ १२ को पठनपाठन/एउटै विध्यालयमा हुनाले विद्यार्थीहरु अन्यत्र जान बाध्य हुनु ।
छ) लागूपदार्थ दुर्व्यसनीकुलत , र अपराधिक क्रियाकपालमा बालबालिकाहरु संगलग्न हुनु र रोक्न नसक्नु ।

**५.उच्च शिक्षा तर्फ**

सिङ्गो महोत्तरी गाउँपालिकाभित्र नै कक्षा-१२ पछीको उच्च तहको अध्ययन गर्नका लागि एउटा पनि क्याम्पस हुन नसक्नु र शिक्षा प्राप्त गर्ने अवसरबाट बन्चित हुनु ।

**६.शिक्षक तथा कर्मचारीहरुको समस्याहरू**

क) विद्यार्थीको संख्या र चाप अनुसारको विषयगत र तहगत दरबन्दीको अभाव रहनु ।
ख) प्रविधिमैत्री शिक्षक तथा कर्मचारीको सङ्ख्या न्युन हुनु ।
ग) शिक्षकलाई तालिम, प्रशिक्षणको अभाव रहनु ।
घ) शिक्षक तथा कर्मचारीलाई बेला बेलामा उत्कृष्ट र सिक्न लायक विद्यालयको अवलोकन भ्रमण गराउने कार्य हुन नसक्नु|
ङ) उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा शिक्षकलाई प्रोत्साहनको व्यबस्था नहुनु ।

## १.४.२ शैक्षिक चुनौतीहरू यस प्रकार रहेका छ :-

- विद्यालय व्यवस्थापन समिति निर्माण।
- वालमैत्री वातातरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चान गर्नु।
- गुणस्तरीय शिक्षा सहित सामुदायिक विद्यालय प्रतिको आकर्षण अभिवृद्धि गर्नु|
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक दखन्दी मिलान तथा पुर्नवितरण गर्नु|
- भौतिक पूर्वधार सहितको आकर्षक सिकाई वातावरण निर्माण गर्नु|
- शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक वालमैत्रि एवंम प्रविधिमैत्री बनाउनु|
- विद्यालय वाहिर रहेका विधालय उमेर समुहका विधालयमा भर्ना गराउनु|
- दलित र विपन्न परिवारको बालबालिकाहरु समक्ष शिक्षाको पहूँच पुर्याउन |
- वालवालीकाहरुको कक्षा छाडने दर, कक्षा दोहराउने दर र विद्यार्थी टिकाउ दर शून्यमा झारी आपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु|
- विद्यालय उमेरसमूह भन्दा वाहिरको वालवालिकाहरुलाई अनौपचारिक शिक्षा प्रदान गर्नु|
- समावेशि शिक्षा प्रदान गर्नु|
- लैंगिकमैत्री वातावरणमा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्नु|
- शिक्षकले पाएको तालिमललाई कक्षा कोठामा उतार्नु |
- पालिका भित्र कक्षा १२ पछिको उच्चतहको अध्ययनका लागि विभिन्न सङ्काय सहितको क्याम्पस सञ्चालन गर्नु |
- प्राविधिकधारका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नु|
- सामुदायिक विद्यालयले गुमाएको अभिभावकहरुको विश्वाश फिर्ता गर्नु|
- बालबालिकाहरुलाई लागुपदार्थ दुर्व्यसनीकुलत , र अपराधिक क्रियाकलापबाट बचाउन |
- बाल विवाह न्यूनीकरण गरि बालिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्नु |
- अभिभावक सचेतना तथा शिक्षा प्रदानप्रदान गर्न |
- प्रविधिमैत्री विद्यालयहरूको निर्माण गर्नु |

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

महोत्तरी गाउँपालिकामा विद्यालय शिक्षाको विकासका निम्नलिखित अवसरहरू उपलब्ध हुनेछन्ः

१. **विगतका प्रयासहरूको आधार** –विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता सुधारका लागि विगतका कार्यक्रमहरूले संरचनात्मक र क्षमता विकास गरेका छन्। यी प्रयासहरूले आगामी योजनाको कार्यान्वयनमा महत्वपूर्ण आधार प्रदान गर्नेछन्।

२. **संवैधानिक र कानुनी आधार**–आधारभूत तहमा निःशुल्क र अनिवार्य शिक्षा तथा माध्यमिक तहमा निःशुल्क शिक्षा दिने संवैधानिक र कानुनी आधार तयार भइसकेको छ, जसले विद्यालय शिक्षामा सर्वसुलभ पहुँचको सुनिश्चितता गर्न मद्दत पुर्याउनेछ।

३. **बहुपक्षीय सहयोग**–दिगो विकास लक्ष्य प्राप्तिका लागि विभिन्न संस्थाहरू र सरकारको सहयोग तथा प्रतिबद्धता रहेको छ। यसले विद्यालय शिक्षामा आवश्यक सुधार र संसाधन जुटाउन मद्दत गर्नेछ।

४. **सरकारी लगानीमा वृद्धि**–सरकारी शिक्षा नीति र लगानीमा वृद्धिका लागि राजनीतिक सहमति देखिएको छ, जसले विद्यालय शिक्षामा आर्थिक स्रोतहरूको थप प्रवाह सुनिश्चित गर्नेछ।

५. **कार्यक्रम कार्यान्वयनमा सहकार्य**–सरकार र विभिन्न विकास साझेदारहरूले शिक्षा क्षेत्रमा सहकार्य र सहयोगको ढाँचा तयार गरेका छन्, जसले योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्याउनेछ।

६. **संघीय संरचनामा समन्वय**–संघीय संरचनामा स्थानीय तहलाई जिम्मेवार बनाउँदै, तीनै तहका सरकारहरूको सहकार्य र समन्वयको प्रारम्भ गरिएको छ, जसले विद्यालय शिक्षामा सुधार र लगानी सुनिश्चित गर्नेछ।

७. **संरचनामा सुधारको अवसर**–विद्यालय शिक्षामा सुधार र परिमार्जनका लागि केही संरचना र क्षमता विद्यमान छन्। यी संरचनाहरूमा सुधार गर्नाले योजनाको कार्यान्वयनमा योगदान पुर्याउन सक्नेछ।

८. **राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६**–राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयनले विद्यालय शिक्षामा गुणस्तरीय सुधार ल्याउने अवसर प्रदान गर्नेछ।

९. **प्रमाणमा आधारित सुधार**–विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन मूल्याङ्कनको पद्धति विकसित भएको छ, जसले प्रमाणमा आधारित सुधार गर्न मद्दत पुर्याउनेछ।

१०. **सकारात्मक जनमत**–सार्वजनिक विद्यालय शिक्षाको विकास र गुणस्तरीकरणका लागि सहयोगी र सकारात्मक जनमत रहेको छ। यसले विद्यालय शिक्षामा सुधार ल्याउने प्रोत्साहन दिन्छ।

११. **विश्वास र आकर्षणमा वृद्धि**–सार्वजनिक विद्यालय शिक्षामा सुधार र प्रभावकारी कार्यान्वयनपछि अभिभावकको विश्वास र आकर्षण बढ्ने अवसर रहेको छ। यसले महोत्तरी गाउँपालिकामा विद्यालय शिक्षाको लोकप्रियता र पहुँचमा वृद्धि गर्नेछ।

१२. **कक्षा ११ र १२ निःशुल्क शिक्षा**–कक्षा ११ र १२ का विद्यार्थीहरूलाई निःशुल्क शिक्षा उपलब्ध गराउने पहल गरिएको छ, जसले बालबालिकाको उच्च शिक्षा प्राप्तिमा मद्दत पुर्याउनेछ।

१३. **डिजिटल शिक्षा उपकरण**–विद्यालयहरूमा स्मार्ट बोर्ड, कम्प्युटर, प्रिन्टर, र वाई-फाई जस्ता डिजिटल उपकरणहरू थपिएका छन्, जसले विद्यार्थीहरूको सिकाइ अनुभवलाई प्रविधिको माध्यमबाट समृद्ध बनाउन मद्दत पुर्याउनेछ।

१४. **EMIS र लेखा तालिम**– विद्यालयमा नियमित रूपमा EMIS (Educational Management Information System) र लेखा तालिम प्रदान गरिन्छ, जसले विद्यालयको प्रशासन र व्यवस्थापनलाई सुधार्ने अवसर प्रदान गर्नेछ।

१५. **सूचना अधिकारी संचालनमा**– विद्यालयमा सूचना अधिकारिहरूको संचालन सुनिश्चित गरिएको छ, जसले शिक्षा क्षेत्रमा पारदर्शिता र जवाफदेहीतालाई प्रवर्द्धन गर्नेछ।

१६. **व्यवस्थापना समिति गठन** – विद्यालयमा व्यवस्थापन समिति गठन गरिने योजना रहेको छ, जसले विद्यालयको व्यवस्थापनमा सुधार ल्याउनेछ।

१७. **शिक्षक तालिम** – कक्षा १-३ सम्मका शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम दिने व्यवस्था गरिएको छ, जसले शिक्षकहरूको दक्षता र विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउनेछ।

### १.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्वन र अनुसरण गरिएको छः

१. शैक्षिक योजना निर्माण सम्बन्धमा गाउँ शिक्षा समितिमा पटक पटक बहस र अन्तरक्रिया संचालन गरिएको |
२. योजना निर्माण सम्बन्धमा विभिन्न निकायबाट शिक्षा विकास तथा समन्वय समिति, शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायत विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघसंथा (तालिम संचालन भएको |
३. पि.पि.सि.जनकपुरधाम को आयोजनामा सम्पूर्ण जनप्रतिनिधि ,कर्मचारी ,शिक्षा समितिका पदाधिकारी र प्र.अ. ज्यूहरुको लागि १ दिने स्थानीय शैक्षिक योजना निर्माण सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भएको |
४. कार्यपालिका सदस्य, गाउँ शिक्षासमिति, विद्यालयकका प्र.अ. तथा गा.पा. शाखा प्रमुखहरुको उपस्तिथिमा कार्यक्रमबाट गाउँपालिकाको शिक्षा योजना निमार्णका लागि १७ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
५. योजनालाई अन्तिमरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
६. योजनाको लागि आवश्यक तथ्याङ्क तथा आवश्यक दस्तावेजहरुको अध्ययन टिपोट, संकलन,व्यवस्थापन तय गरिएको ।
७. युनिसेफ नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा पि.पि.सि. जनकपुरको आयोजनामायोजना लेखनसमितको लागि जलेश्वरमा २ दिने कार्याशाला संचालन गरेको र लेखन समितिबाट औपचारिक रुपमा लेखन कार्य सुरु गरेको |
८. पि.पि.सि. जनकपुरधामको आयोजना पुन :३ दिने कार्याशाल आयोजना गरि लेखन कार्यलाई व्यवस्थित र निश्चित ढांचा प्रदान गरेको |
९. योजनाको ड्राफ्ट तयार गरि सम्पूर्ण सरोकारित निकाय ,व्यक्ति ,कर्मचारी ,नागरिक समाजबाट सुझाब संकलन गर्ने कार्य गरेको|
१०.सुझावको आधारमा कार्यदलबाट योजनाको ड्राफ्ट तयार गरिएको ।

यो योजना तय गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति, कार्यक्रम, योजनाको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएको छ । साथै पालिकाले तय गरेको दूरदृष्टि,लक्ष्य,उद्देश्यको आधारमा यो योजना निर्माण गरिएको छ ।

#### १.६.१ योजना निर्माणमा बिभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्:

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियो:

- **योजना निर्देशक समिति (ESP Steering Committee)** : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सम्बन्धित पदाधिकारीहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघीय मामला तथा सामान्य प्रशासन, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT)**ः शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षा विद्को सहभागिता रहेको थियो ।
- **योजना प्राविधिक समिति (ESP Technical Committee)**ः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा मन्त्रालयअन्तर्गतका विभागीय निकायहरू तथा मन्त्रालयअन्तर्ागतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams)**ः विभिन्न विज्ञ तथा परामर्शदाताहरूका समूहहरूले आवश्यकतानुसार विभिन्न विषयमा कार्य गरेका थिए । परामर्शदाता समूहहरूका कार्यको संयोजन मन्त्रालयको वैदेशिक सहायता समन्वय शाखाबाट भएको थियो ।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams)**ः माथि उल्लेख भएअनुसार मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदार तथा स्थानीय तहका शिक्षा अधिकारीहरूसमेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams)**ः मन्त्रालयले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने २ वा ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित मन्त्रालयको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

# परिच्छेद दुई

## दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

### २.१ परिचय

नेपालको संविधान २०७२ ,ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको

मौलिक हक अन्तरगत शिक्षाको हकबालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त ,, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय (ज) तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्ष शिक्षा क्षेत्रको योजना सन् २०२४ — २०३३ तयार गरिएको छ ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि (सन् २०३०) २०८७ .सं.सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

" शिक्षित समाज, समावेशी भविष्य, खेलको उत्साह — महोत्तरीको समृद्धिको आधार "

## २.३ ध्येय (Mission)

"शिक्षा, समावेशिता र खेलको प्रोत्साहनमार्फत महोत्तरी गाउँपालिकाको समृद्धिको लागि गुणस्तरीय शिक्षा, सबैलाई समान अवसर, र स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने।"

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन् ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने छ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।
२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने ।
३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध ,रोजगारउन्मुख हुने ।
४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।
५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .
७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।
८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

**२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)**

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ४२.७ | ५७ | ८० | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.2** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६७.८ | ७१ | ८५ | ८९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.०** | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ – ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९७ | ९८.६ | ९९ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | | स्थानीय | १४२ | १३१ | १२१.४ | १०७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४ | ९६ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.1 | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३५ | १२२ | ११८ | १०८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ४३.१ | ५४.७ | ६५.३ | ७९.४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १६५ | १२२ | ११८ | १०६ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ७४.७ | ८२.३ | ८९.६ | ९५.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ६७.३ | ७३.४ | ८७.९ | ९९.३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २२.९ | २१.४ | १५.७ | १०.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९९ | १.०० | १.०० | १.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९३ | ९५ | ९७ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १२४ | ११८ | ११२ | ११० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | | स्थानीय | ४३.२ | ५४.३ | ६५.७ | ८८.९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०२ | १.०१ | १.०० | १.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७.७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६ | ६० | ६४ | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ६७.५ | ६८ | ६९ | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका | नेपाली भाषा | स्थानीय | ५६.६ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ४२.९ | ५४.३ | ६३.७ | ७९.०२ | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा ८ को | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | तह ३ हासिल | विज्ञान | स्थानीय | | | | | | |
| | भएका) | | प्रदेश | | | | | | |
| | बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर | आधारभूत | स्थानीय | | | | | | |
| | रहेका | (कक्षा | प्रदेश | | | | | | |
| | बालबालिका* | १-५) | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | | |
| | (%) | आधारभूत | स्थानीय | | | | | | |
| | | (कक्षा | प्रदेश | | | | | | |
| | | १-८) | राष्ट्रिय | ६.६ | | १.० | ० | | |
| २.२० | आधारभूत तह (कक्षा १- | | स्थानीय | ४७ | | | | | |
| | ८) अध्यापनरत कूल | | प्रदेश | | | | | | |
| | शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या* (%) | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९- | | स्थानीय | २६.३ | ३२.०४ | ३५.०४ | ४०.०६ | | |
| | १२) मा खुद भर्ना दर* | | प्रदेश | | | | | | |
| | (%) | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९- | | स्थानीय | ४८.७ | ५४ | ६८ | ८९ | | |
| | १२) मा कूल भर्ना दर* | | प्रदेश | | | | | | |
| | (%) | | राष्ट्रिय | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना | | स्थानीय | ०.९९ | १.०० | १.०० | १.०० | | |
| | दरमा लैङ्गिक समता | | प्रदेश | | | | | | |
| | सूचक* (कक्षा ९-१२) | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहवाट | | स्थानीय | ६१.७ | | | | | |
| | माध्यमिक तहमा स्तर | | प्रदेश | | | | | | |
| | उन्नति दर* (%) | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका | | स्थानीय | ४८.१ | | | | | |
| | बालबालिका मध्ये कक्षा | | प्रदेश | | | | | | |
| | १० मा पुग्ने दर (%) | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका | | स्थानीय | ३१.८ | | | | | |
| | बालबालिका मध्ये कक्षा | | प्रदेश | | | | | | |
| | १२ मा पुग्ने दर (%) | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७ | | | स्थानीय | ६.३ | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* (%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६३ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५४ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ३७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ३८ | ४८ | ६७ | ८९ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५९.१ | ६४.६ | ७७.२ | ८९.४ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ३४.४ | ४८.८ | ६३.४ | ८०.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | १.१८ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | | स्थानीय | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५८:१ | ४२:१ | ३६:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | १५२:१ | १००:१ | ६०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ८५:१ | ६०:१ | ५०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७०:१ | ५०:१ | ४०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ७४:१ | ६०:१ | ४५:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | | ६ | १० | १७ | २० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरकारी खर्च (रू. हजारमा) | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

महोत्तरी गाउँपालिका अन्तर्गत कुल १८ केन्द्र रहेकोमा १६ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । गाउँपालिका भित्र ३१७ छात्रा र ३४६ छात्र गरी ६६३ कुल जना बालवालिकाहरू रहेका छन् । यस पालिकामा रहेका चार वर्ष उमेर समूहका कुल बालबालिकाहरू मध्ये ९१ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने गरेका छन् भने कक्षा १ मा बालविकास केन्द्रको अनुभवसहित भर्ना हुने प्रवृति (६७.८ प्रतिशत) पनि बढ्दो क्रममा रहेको तथ्य 2081 सालको EMIS बाट उजागर भएको छ । प्रारम्भिक बालबिकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरु मध्ये शत प्रतिसत महिला रहेको देखिन्छ र सम्पूर्ण बालविकास केन्द्रमा मातृभाषामा शिक्षण सिकाइ क्रियाकलाप संचालनमा रहेको छ ।यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरू नेपाल सरकार द्वारा तोकिएको न्युनतम शैक्षिक योग्यता भएको देखिन्छ । बालविकास विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिन्छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा, सुविधा , तालिम समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम मापदण्ड नपुगेको देखिन्छ साथै बसाइ व्यवस्थापन, सिकाइ कुनाको व्यवस्थापन, ELDS रिपोर्ट कार्डको व्यवस्थापन, Extra Caregiver, Childcare program(below 4) संचालन नभएको। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

**प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरु :**

- ३७ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको।
- ५८ प्रतिशत तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना (कुल भर्ना दर ४२ प्रतिशत र खुद भर्ना दर ३५.७८ )नभएको।
- पोषणयुत, दिवा खाजाको उचित व्यवस्थापनमा समस्या ।
- कक्षा १ मा कुल भर्ना दर मध्ये ६७.७६ प्रतिशत बालबालिका बालविकासको मात्र अनुभव प्राप्त गरेको छ ।
- ८० प्रतिशत प्रारम्भिक बालविकास केन्द्रहरूमा सिकाइका ६ कुने व्यवस्थापन नभएको।
- ९० प्रतिशत प्रारम्भिक बालविकासका शिक्षकहरू तालीम प्राप्त नगरेको ।
- संचालित वालविकास कक्षामा बसाइ व्यवस्थापन नभएको ।
- संचालित वालविकास कक्षामा सिकाइ कुनाको व्यवस्थापन नभएको ।
- संचालित वालविकास कक्षामा Extracare giver को व्यवस्थापन नभएको ।
- संचालित वालविकास कक्षामा Childcare program (below 4) संचालन नभएको ।
- अपाङ्गता भएका बालबालिकाको Early Screening को व्यवस्था नभएको ।
- ECD मा रहेको बालबालिकाको वर्षमा दुई चोटी दक्ष जनशक्ति द्वारा हुने स्वास्थ्य जांच हुने नगरेको ।
- अभिभावक शिक्षा कार्यक्रम हुने नगरेको ।
- ELDS REPORT CARD को प्रयोग हुन नसक्नु ।

### ३.१.२ उद्देश्य

महोत्तरी गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षाका उद्देश्यहरू:

- सबै ECD केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा गर्ने, ६ कुने सिकाइ व्यवस्थापन, बसाइ व्यवस्थापन तथा Extracare giver को व्यवस्था गर्ने।
- तोकिएको उमेरमा सत प्रतिशत बालबालिकालाई ECD कक्षामा भर्ना गर्ने तथा कक्षा १ मा पनि कुल भर्ना दर सत प्रतिशत पुऱ्याउने।
- पोषणयुक्त दिवा खाजा व्यवस्थापन गर्ने, वर्षमा दुई पटक स्वास्थ्य परीक्षण गर्ने, अपाङ्गता भएका बालबालिकाको Early Screening तथा Childcare program (४ वर्ष मुनिका लागि) सञ्चालन गर्ने।
- सबै ECD शिक्षकलाई तालिम प्रदान गर्ने र नियमित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- ELDS REPORT CARD को प्रयोग गर्ने ।

## ३.१.३ रणनीति

महोत्तरी गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षाका लागि रणनीतिहरू:

- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा गर्न नियमित मूल्याङ्कन र सुधार कार्यक्रम सञ्चालन गर्ने।
- बालमैत्री सिकाइ वातावरणका लागि ६ कुने सिकाइ, आवश्यक शैक्षिक सामग्री तथा उचित बसाइ व्यवस्थापन गर्ने।
- ECD केन्द्रहरूमा आवश्यक जनशक्ति शिक्षक तथा)Extracare giver) को व्यवस्था र क्षमता विकास गर्ने।
- समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरी तोकिएको उमेरमा सत प्रतिशत भर्ना सुनिश्चित गर्ने।
- दिवा खाजा तालिका अनुसार पोषणयुक्त दिवा खाजा व्यवस्थापन र प्रभावकारी कार्यान्वयन गर्ने।
- स्वास्थ्य संस्थासँग समन्वय गरी बालबालिकाको नियमित स्वास्थ्य परीक्षण तथा Early Screening गर्ने।
- ४ वर्ष मुनिका बालबालिकाका लागि Childcare Program सञ्चालन गर्ने।
- अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी बालबालिकाको सिकाइ, स्वास्थ्य र पोषणमा अभिभावकको सहभागिता बढाउने।
- ELDS REPORT CARD को लागु गर्ने।

## ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिकाभित्रका सबै बालविकास केन्द्रहरु पहुँचयुक्त र बालमैत्री भएको हुनेछ।
- शिक्षकहरूको नियमित तालिम र कार्यशालाले शैक्षिक गुणस्तरमा सुधार ल्याएको हुनेछ, जसबाट उनीहरूको दक्षता र सिकाइ विधिमा सुधार हुनेछ।
- स्मार्ट बोर्ड, कम्प्युटर, प्रिन्टर र अन्य डिजिटल उपकरणहरूको प्रयोगबाट बालबालिकाको सिकाइ प्रक्रियामा नवाचार र प्राविधिक सुधार ल्याइनेछ।
- अपाङ्गता भएका बालबालिकाहरूको समावेशी शिक्षा सुनिश्चित गरेर सबैलाई समान अवसर दिन सफल भएको हुनेछ।

- सबै बालविकास केन्द्रका सहजकर्ता तालिम प्राप्त भएको हुनेछ ।

**नतिजा तथा परिनात्मक लक्ष्य**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ६६३ | ६६३ | ६८० | ७०४ | ७१७ | ७३४ |
| २ | कक्षा १ मा बालविकास अनुभव भएका बालबालिकाको प्रतिशत | ६७.८% | ६७.८% | ७१% | ८५% | ८९% | ९४% |
| ३ | सहजकर्ताहरूको तालिम प्राप्त गरेको प्रतिशत | १०% | १०% | १००% | १००% | १००% | १००% |
| ४ | डिजिटल उपकरण प्रयोग गर्ने बालविकास केन्द्रहरूको संख्या | १ | १ | २ | ४ | ८ | १६ |
| ५ | पोषणयुक्त दिवा खाजा प्रदान गर्ने बालविकास केन्द्रहरूको संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य ।*

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ० | ० | १ | ० | १ | २ | ४ |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | १८ | ० | १८ | ० | १८ | ५४ | १०८ |
| ३ | डिजिटल उपकरणहरूको प्रयोग बढाउने कार्यक्रम | केन्द्र | १ | २ | २ | ३ | १ | ९ | १०० |
| ४ | अपाङ्गता भएका बालबालिकाको समावेशी शिक्षा सुनिश्चित गर्ने | जना | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | पोषणयुक्त दिवा खाजा प्रदान गर्ने कार्यक्रम | केन्द्र | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | ELDS REPORT CARD को व्यवस्थापन | केन्द्र | १८ | १८ | १८ | १८ | १८ | १८ | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सहजकर्ताहरूको तालिम कार्यक्रम | जना | ० | १८ | ० | १८ | ० | १८ | |
| ८ | बालमैत्री तथा अपाङ्गमैत्री कक्षाकोठा व्यवस्थापन | केन्द्र | १ | २ | २ | ३ | १ | ९ | १०० |
| ९ | सिकाइको ६ कुनाको **व्यवस्थापन** | केन्द्र | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १० | अभिभावक शिक्षा कार्यक्रम संचालन | केन्द्र | १८ | १८ | १८ | १८ | १८ | १८ | १०० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

महोत्तरी गाउपालिका भित्र हाल कक्षा १-५ सञ्चालित ४ र कक्षा ६-८ सञ्चालित ३ गरी आधारभूत विद्यालयहरूको संख्या ७ वटा रहेको छ । आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा १-५ मा ५०.३ प्रतिशत छात्रा र ४९.७ प्रतिशत छात्र, ६-८ मा ५०.२ प्रतिशत छात्रा र ४९.८ प्रतिशत छात्र भर्ना भएको अवस्था छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्रा र छात्रको प्रतिशत लगभग बराबर छ ।

कक्षा १-५ मा कुल विद्यार्थी संख्या ४६०५ रहेको छ जसमा २३१८ (५०.३%) छात्रा र २२८७ (४९.७%) छात्र रहेका छन् । कक्षा ६-८ मा कुल विद्यार्थी संख्या २१३० रहेको छ जसमा १०६९ (५०.२%) छात्रा र १०६१ (४९.८%) छात्र रहेका छन् । यसरी आधारभूत तहमा कुल विद्यार्थी संख्या ६७३५ रहेको छ जसमा ३३८७ (५०.३%) छात्रा र ३३४८ (४९.७%) छात्र रहेका छन् ।

आधारभूत तहमा कार्यरत शिक्षकहरूको संख्या हेर्दा कक्षा १-५ को लागि विद्यार्थी-शिक्षक अनुपात १:५८,कक्षा ६-८ को लागि १:१५२ र कक्षा १-८ को लागि १:८५ रहेको छ । यसले आधारभूत तहमा शिक्षकको अभाव रहेको सङ्केत गर्दछ ।

**आधारभूत शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरु :**

- कक्षा १ मा नयाँ भर्ना तथा खुद र कुल प्रवेश दर अपेक्षित स्तरमा नपुग्नु ।
- आधारभूत तह (कक्षा १—५) मा खुद र कुल भर्नादर सन्तोषजनक नहुनु ।
- कक्षा ५ को कुल तथा खुद प्रवेश दर कमजोर हुनु ।
- कक्षा ५ सम्मको टिकाऊ दर न्यून हुनु ।
- कक्षा ५ पूरा गर्ने दर अपेक्षित स्तरमा नपुग्नु ।
- उमेरभन्दा बढी (५—९ वर्षभन्दा माथि) बालबालिकाको भर्ना दर उच्च हुनु ।
- आधारभूत तहमा लैंगिक समता सूचकांक सन्तुलित नहुनु ।
- आधारभूत तह (कक्षा १—८) मा कुल तथा खुद भर्नादर कम हुनु ।
- कक्षा ८ सम्मको टिकाऊ दर कमजोर हुनु ।
- कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर कम हुनु ।

- नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयमा न्यूनतम् सिकाई उपलब्धी हासिल गर्ने विद्यार्थीको प्रतिशत कम हुनु ।
- विद्यालय बाहिर रहेका बालबालिकाको संख्या/प्रतिशत उल्लेख्य हुनु ।
- महिला शिक्षकको प्रतिशत तथा न्युनतम सिकाइ सवलिकरण मापदण्ड (Minimum Enabling Condition, MECS) पूरा गर्ने विद्यालयको संख्या कम हुनु ।
- अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन नहुनु ।
- विद्यालयहरूमा लैंगिक तथा अपाङ्गमैत्री वातावरणको अभाव हुनु ।
- ब्रेल पुस्तक, सांकेतिक भाषा सिकाइ, अपाङ्गमैत्री शौचालय, खेलकुद तथा विशेष छात्रवृत्ति जस्ता सुविधाहरूको उचित व्यवस्थापन नहुनु ।
- विद्यालयमा विद्यालय नर्स तथा मनोपरामर्श (counseling) सेवा सञ्चालन हुन नसक्नु ।
- आधारभूत तथा निशुल्क शिक्षा लागु हुन नसक्नु ।
- विद्यालयको संरचना विपद व्यवस्थापन मापदण्ड पुरा गरेको नहुनु र विपद सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन नहुनु ।

### ३.२.२ उद्देश्य

- कक्षा १ मा नयाँ भर्ना तथा खुद र कुल प्रवेश दर वृद्धि गरी शतप्रतिशत पहुँच सुनिश्चित गर्ने।
- आधारभूत तह (कक्षा १—५ र १—८) मा खुद तथा कुल भर्नादर वृद्धि गर्ने र over-age भर्ना दर घटाउने।
- कक्षा ५ र कक्षा ८ सम्म टिकाऊ दर तथा पूरा गर्ने दरमा सुधार गर्ने।
- नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयमा न्यूनतम् सिकाई उपलब्धी वृद्धि गर्ने तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने।
- MECs मापदण्ड पूरा गर्ने विद्यालयहरूको संख्या वृद्धि गर्ने।
- अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम नियमित सञ्चालन गरी बालबालिका शिक्षामा अभिभावकको सहभागिता सुनिश्चित गर्ने।
- विद्यालयलाई लैंगिक र अपाङ्गमैत्री बनाउन आवश्यक पूर्वाधार (ब्रेल पुस्तक, सांकेतिक भाषा सिकाइ, अपाङ्गमैत्री शौचालय, खेलकुद) सुविधाहरू उपलब्ध गराउने।
- विशेष छात्रवृत्ति र सहयोगात्मक कार्यक्रमको व्यवस्थापन गरी सामाजिक रूपमा पिछडिएका तथा अपाङ्ग बालबालिकाको शिक्षा सुनिश्चित गर्ने साथै विद्यालयमा स्वास्थ्य र मनोपरामर्श सेवा सञ्चालन गर्ने।
- आधारभूत तथा निशुल्क शिक्षा लागु हुनु ।
- विद्यालयको संरचना विपद व्यवस्थापन मापदण्ड पुरा गरेको हुनु पर्ने र विपद सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन हुनु पर्ने।

३.२.३ रणनीति

- कक्षा १ मा भर्ना प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने र over-age बालबालिकालाई विद्यालयमा समावेश गर्ने।
- कमजोर विद्यार्थीका लागि Remedial/Support classes सञ्चालन गरी टिकाऊ दर र पूरा गर्ने दर सुधार्ने।
- शिक्षक क्षमता अभिवृद्धि तालिम आयोजना गर्ने र सिकाइ सामग्री तथा खेलकुद सामग्री उपलब्ध गराउने।
- विद्यालय बाहिर रहेका बालबालिकाको पहुँच सुनिश्चित गर्न विशेष पहुँच कार्यक्रम )outreach programs) सञ्चालन गर्ने।
- न्यूनतम् सिकाई सबलीकरण मापदण्ड )MECs) पूरा गर्ने कार्ययोजना लागू गर्ने।
- अभिभावक शिक्षा तथा सचेतनामूलक कार्यक्रम नियमित सञ्चालन गर्ने )parental workshops, community awareness) ।
- लैंगिक र अपाङ्गमैत्री पूर्वाधार जस्तै ब्रेल पुस्तक, सांकेतिक भाषा सिकाइ, अपाङ्गमैत्री शौचालय र खेलकुद सुविधा उपलब्ध गराउने।
- सामाजिक रूपमा पिछडिएका तथा अपाङ्ग बालबालिकाका लागि छात्रवृत्ति तथा सहयोगात्मक कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालयमा नर्स र Counseling Service उपलब्ध गराउने।
- आधारभूत निशुल्क शिक्षा लागू गर्दै, विद्यालयको संरचना विपद व्यवस्थापन मापदण्ड अनुसार सुधार गर्ने र शिक्षक, विद्यार्थी तथा अभिभावकलाई नियमित विपद सचेतनामूलक कार्यक्रम मार्फत जागरुक बनाउने ।

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- अनिवार्य तथा निशुल् :क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।
- प्रारम्भिक कक्षाहरूमा पठन र गणितीय सीपको सुधार हुँदै बालबालिकाको सिकाइ उपलब्धि स्तर वृद्धि भएको हुनेछ।
- बालमैत्री, समावेशी, सिकाइमैत्री र सुरक्षित विद्यालय वातावरणको निर्माण भएको हुनेछ।

- विद्यालयहरूको भौतिक संरचनामा सुधार गर्दै स्वास्थ्य र पोषणका कार्यक्रमहरूको कार्यान्वयन भएको हुनेछ।
- शिक्षक तालिम र विकास कार्यक्रमहरूको आयोजना हुँदै शैक्षिक कार्यकुशलतामा वृद्धि भएको हुनेछ।
- विद्यालय शिक्षा र सिकाइमा डिजिटल प्रविधिको समावेशी प्रयोग भएको र यसले सिकाइलाई सहज र प्रभावकारी बनाएको हुनेछ।
- विद्यार्थीको सामाजिक, सांस्कृतिक र मनोसामाजिक विकासमा सुधार भएको र विविधतासँग सम्बन्धित सिकाइ क्रियाकलापहरूको समावेशी बनावट भएको हुनेछ ।

**नतिजा तथा परिनात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

**३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य ।*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कक्षा १ भर्ना वृद्धि दर बढाउन र over-age का बालबालिकाहरुलाई विद्यालय भर्ना दर न्यूनीकरण गर्ने कार्यक्रम | विद्यालय संख्या | ७ | ७ | ७ | ७ | ७ | १०० | १०० | |
| २ | आधारभूत तह (१—५, १—८) मा खुद भर्नादर वृद्धि, कुल भर्ना न्यूनीकरण र टिकाउ दर वृद्धि गर्नको लागि भर्ना अभियान तथा अभिभावक सचेतना कार्यक्रम | विद्यालय संख्या | ७ | ७ | ७ | ७ | ७ | १०० | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सिकाई उपलब्धि सुधार गरि र विद्यालय बाहिर रहेकाका बालबालिकाहरुको तथ्यांक संकलन गरि विद्यालय भित्र ल्याउन विशेष कार्यक्रम | विद्यालय संख्या | ७ | ७ | ७ | ७ | ७ | १०० | १०० | |
| ४ | न्युनतम सिकाइ सवलिकरण मापदण्ड पुरा गर्ने कार्यक्रम | विद्यालय संख्या | २ | २ | ० | २ | १ | १०० | १०० | |
| ५ | लैंगिक र अपाङ्गमैत्री पूर्वाधार सहित शैक्षणिक क्रियाकलाप | संख्या | २ | २ | ० | २ | १ | १०० | १०० | |
| ६ | विशेष छात्रवृत्ति, स्वास्थ्य र मनोपरामर्श सेवा कार्यक्रम | विद्यालय संख्या | ७ | ७ | ७ | ७ | ७ | १०० | १०० | |
| ७ | शिक्षक विद्यार्थी अनुपात अनुसार गा.पा. स्तरीय दरबन्दी सिर्जना गरि भर्ना | विद्यालय संख्या | ७ | ० | ० | ० | ७ | १०० | १०० | |
| ८ | विद्यालय ,शिक्षक र विद्यार्थीलाइ स्तर निर्धारण गरि पुरस्कृत गर्ने | विद्यालय संख्या | ७ | ७ | ७ | ७ | ७ | १०० | १०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

महोत्तरी गाउपालिका भित्र हाल कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालय ४ वटा रहेको छ । माध्यमिक तहमा कुल विद्यार्थी संख्या ११८४ रहेको छ, जसमा छात्रा ५७२ (४८.३%) र छात्र ६१२ (५१.७%) रहेका छन्। यस तहमा पनि लिङ्गगत समानताको अवस्था उल्लेखनीय छ। तर शिक्षक-विद्यार्थी अनुपात हेर्दा कक्षा ९-१० को लागि १:७०, कक्षा ११-१२ को लागि १:८८ र कक्षा ९-१२ को लागि १:७४ रहेको छ, जसले माध्यमिक तहमा पनि शिक्षकको अभाव रहेको देखाउँछ।

नेपालको शिक्षा प्रणालीमा महोत्तरी गाउँपालिकाको अवस्था हेर्दा आधारभूत र माध्यमिक दुवै तहमा विद्यार्थीहरूको संख्या र लिङ्गगत समानताको अवस्था सकारात्मक देखिए पनि शिक्षकको अभावले गुणस्तरीय शिक्षा प्रदान गर्न चुनौती रहेको छ। यसलाई सम्बोधन गर्न शिक्षकहरूको पदपूर्ति, शिक्षण सामग्रीको उपलब्धता र विद्यालयहरूको पूर्वाधार विकासमा ध्यान दिनु आवश्यक छ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान समस्या र चुनौतीहरु :**

- माध्यमिक तह (कक्षा ९–१२) मा कुल र खुद भर्नादर अपेक्षित स्तरमा नपुग्नु।
- कुल भर्नादरमा लैंगिक समता कमजोर हुनु।
- आधारभूत तहबाट माध्यमिक तहमा स्तर उन्नति दर कम हुनु।
- कक्षा १ मा भर्ना भएका बालबालिकाहरू मध्ये कक्षा १० र १२ मा पुग्ने दर न्यून हुनु।

- माध्यमिक तहमा अध्यापनरत महिला शिक्षकको संख्या र प्रतिशत कम हुनु।
- विज्ञान, प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थीको संख्या र प्रतिशत कम हुनु।
- कक्षा १० का विद्यार्थीहरूको सिकाई उपलब्धी अपेक्षित स्तरमा नपुग्नु।
- दलित, सीमांकित समूह र अपाङ्गता भएका बालबालिकाको सहभागिता न्यून हुनु।
- यौनिक विकास, लागूपदार्थ, बालविवाह, सामाजिक कुरूती आदि विषयमा विद्यार्थी र अभिभावक सचेत नहुनु।
- लैंगिक सम्वेदनायुक्त विद्यालय वातावरण, कक्षा व्यवस्थापन, सिकाइ विधि र मनोसामाजिक परामर्श सेवा पर्याप्त नहुनु।
- अतिरिक्त शिक्षण सहयोग (Remedial, Tutorial, Supplementary classes) र अतिरिक्त क्रियाकलापमा पहुँच र सहभागिता कम हुनु।
- सामाजिक रूढी, व्यवहार मान्यता र बालविवाह जस्ता अभ्यासले शिक्षामा नकारात्मक प्रभाव पार्नु।
- अभिभावक सहभागिता र सचेतना कार्यक्रम नियमित सञ्चालन नहुनु।
- बालबालिका श्रममा र विद्यालय बाहिर हुनु।
- अवसर, लागत व्यवस्थापन र वैकल्पिक आयका उपाय पर्याप्त नहुनु।
- सबै शिक्षक तालिम प्राप्त नहुनु।

### ३.३.२ उद्देश्य

- माध्यमिक तह —कक्षा ९)१२मा कुल र खुद भर्नादर वृद्धि गर्ने र लैंगिक समता सुनिश्चित गर्ने। (
- आधारभूत तहबाट माध्यमिक तहमा स्तर उन्नति दर वृद्धि गर्ने र कक्षा १०-१२ पूरा गर्ने दर सुधार गर्ने।
- महिला शिक्षकको संख्या र सहभागिता वृद्धि गर्ने।
- विज्ञान, प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा विद्यार्थी भर्ना वृद्धि गर्ने।
- कक्षा १० का विद्यार्थीहरूको सिकाई उपलब्धी सुधार्ने।
- दलित, सीमांकित र अपाङ्गता भएका बालबालिकाको सहभागिता सुनिश्चित गर्ने।
- यौनिक विकास, लागूपदार्थ, बालविवाह, सामाजिक कुरीति आदि विषयमा सचेतना अभिवृद्धि गर्ने।
- अतिरिक्त शिक्षण सहयोग, अतिरिक्त क्रियाकलाप, मनोसामाजिक परामर्श र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।
- अभिभावक सहभागिता र सचेतना कार्यक्रम संचालन गर्ने।
- शिक्षकको पेशागत विकास गर्नु ।

३.३.३ रणनीति

- भर्ना प्रवर्द्धन अभियान, over-age बालबालिका समावेश र लैंगिक समता सुनिश्चित गर्ने।
- आधारभूत तहबाट माध्यमिक तहमा स्तर वृद्धि दर सुधारका लागि समुदाय र विद्यालय कार्यक्रम सञ्चालन गर्ने।
- महिला शिक्षक भर्ती, प्रशिक्षण र नेतृत्व विकास तालिम उपलब्ध गराउने।
- विज्ञान/प्राविधिक र व्यवसायिक शिक्षा विषयका लागि सुविधाजनक शिक्षण वातावरण र विशेष छात्रवृत्ति प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
- सिकाई उपलब्धी सुधारका लागि Remedial/Support classes, शिक्षण सामग्री र शिक्षक तालिम उपलब्ध गराउने।
- बालबालिका, दलित, सीमांकित र अपाङ्गता भएका बालबालिकाको सहभागीता वृद्धि गर्ने।
- यौनिक विकास, बालविवाह, लागूपदार्थ, सामाजिक कुरूतीमा सचेतनामूलक कार्यक्रम )parental workshops, awareness campaigns) सञ्चालन गर्ने।
- मनोसामाजिक परामर्श, सचेतना कार्यक्रम र बालशक्तिकरण सुनिश्चित गर्ने।
- अभिभावक सहभागिता र सचेतना कार्यक्रम संचालन गर्ने।
- विभिन्न किसिमका पेशागत तालिम संचालन गर्नु ।

**३.३.४ प्रमुख उपलब्धि तथ नतिजा**

**उपलब्धि**

- माध्यमिक तह —कक्षा ९)१२मा कुल र खुद भर्नादरमा उल्लेख्य सुधार। (
- कुल भर्नादरमा लैंगिक समता सुनिश्चित र महिला विद्यार्थीको सहभागिता वृद्धि।
- आधारभूत तहबाट माध्यमिक तहमा स्तर वृद्धि र कक्षा १०१२ पूरा गर्ने दर सुधार।/
- महिला शिक्षकको संख्या र प्रतिशत वृद्धि, नेतृत्व विकासका अवसर उपलब्ध।
- विज्ञान, प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थीको संख्या र प्रतिशतमा वृद्धि।
- कक्षा १० का विद्यार्थीहरूको सिकाई उपलब्धी )Learning performance) सुधार।
- बालक, बालिका, दलित, सीमांकित र अपाङ्गता भएका बालबालिकाको सहभागिता वृद्धि।
- यौनिक विकास, बालविवाह, लागूपदार्थ, सामाजिक कुरूती सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन।

- अतिरिक्त शिक्षण सहयोग )Remedial classes), अतिरिक्त क्रियाकलाप र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको।

- विद्यालय वातावरण लैंगिक र समावेशी दृष्टिले सुधार, बालबालिकाको समग्र स्वास्थ्य र सुरक्षा सुनिश्चित।

**नतिजा तथा परिनात्मक लक्ष्य**

*योजनाको कार्यान्वियनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा ।*

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ८३४ | ८३४ | १००६ | ११२२ | १२१३ | १३५६ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | ३५० | ३५० | ४०० | ४५८ | ५१२ | ५९७ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | ५४ | ५४ | ६८ | ७९ | १०८ | १२७ |

**३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य**

*तलको तालिकामा पालिकाले कार्यान्वियन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य ।*

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | | | १ | | १ | २ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | जना | | २ | | २ | | ४ | ८ | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | |
| ४ | शिक्षक क्षमता विकास | जना | | २५ | | २५ | २५ | ७५ | १५० | |
| ५ | सूचना तथा सञ्चार प्रविधि उपकरण उपलब्ध गराई सोहि अनुसार दक्ष शिक्षक उत्पादन गर्ने | विद्यालय | | १ | १ | १ | १ | ४ | ८ | |
| ६ | विद्यालय बाहिर रहेका बालबालिकाहरूको विद्यालयमा सहभागिता वृद्धि | जना | | | | | | | | |
| ७ | अभिभावक शिक्षा कार्यक्रम | विद्यालय | ० | १ | १ | १ | १ | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | भर्ना प्रवर्द्धन अभियान, over-age बालबालिका समावेश र लैंगिक समता सुनिश्चित गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | सिकाई उपलब्धी सुधारका लागि Remedial/Support class | | | | | | | | | |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.४.१ वर्तमान अवस्था

महोत्तरी गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच अझै सीमित रहेको छ। हाल पालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय तथा तालिम प्रदायक संस्थाको संख्या न्यून रहेको छ। यसका कारण माध्यमिक तहका विद्यार्थी तथा विद्यालयबाहिर रहेका युवायुवतीले स्थानीय आवश्यकता र श्रम बजारअनुसारको सीपमूलक शिक्षा तथा तालिम सहज रूपमा प्राप्त गर्न सकेका छैनन्।

प्राविधिक तथा व्यावसायिक शिक्षामा महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न समुदायको सहभागिता अपेक्षाकृत कम रहेको छ। लक्षित समूहलाई प्रोत्साहन गर्ने छात्रवृत्ति, सहुलियत तथा पहुँच विस्तारका कार्यक्रमहरू अझ प्रभावकारी बनाउन आवश्यक देखिन्छ।

यस क्षेत्रमा दक्ष प्रशिक्षक तथा प्राविधिक शिक्षकको उपलब्धता सीमित छ। आधुनिक प्रयोगशाला, कार्यशाला, उपकरण तथा सिकाइ सामग्रीको अभावका कारण गुणस्तरीय प्राविधिक शिक्षा सञ्चालनमा चुनौती रहेको छ।

पालिकाभित्र कृषि, पशुपालन, निर्माण, सूचना प्रविधि, सिलाइ—कटाइ, विद्युतीय मर्मत, प्लम्बिङ, मोटरसाइकल तथा अटोमोबाइल मर्मत, होटल तथा पर्यटन लगायतका क्षेत्रमा रोजगारी र स्वरोजगारीको सम्भावना भए पनि तालिम र श्रम बजारबीच प्रभावकारी समन्वय हुन सकेको छैन।

स्थानीय तह, निजी क्षेत्र, उद्योग—व्यवसाय, CTEVT, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबीच सहकार्यको सुरुआत भए पनि संस्थागत साझेदारी अझ सुदृढ हुन आवश्यक छ। केही सीप विकास तालिम, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम तथा रोजगारमूलक तालिम सञ्चालन भएका असल अभ्यासहरू रहे पनि ती कार्यक्रमहरूलाई नियमित, गुणस्तरीय र दिगो बनाउन आवश्यक छ।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समतामूलक पहुँच सुनिश्चित गर्ने।

२. स्थानीय आवश्यकता तथा श्रम बजारको मागअनुसार प्राविधिक शिक्षा तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने।

३. महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सहभागिता वृद्धि गर्ने।

४. प्राविधिक शिक्षा तथा तालिमबाट उत्पादित जनशक्तिलाई स्थानीय स्तरमा रोजगार, स्वरोजगार तथा उद्यमशीलतासँग जोड्ने।

५. राष्ट्रिय योग्यता प्रारूप (NQF) अनुरूप प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको विकास र सुदृढीकरण गर्ने।

### ३.४.३ रणनीति

१. माध्यमिक तहका विद्यार्थीहरूको प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच क्रमशः वृद्धि गर्दै लैजाने।

२. स्थानीय आवश्यकता, सम्भाव्यता तथा श्रम बजारको मागका आधारमा समयसापेक्ष प्राविधिक शिक्षा तथा सीप विकास तालिम विस्तार गर्ने।

३. CTEVT, निजी क्षेत्र, उद्योग—व्यवसाय तथा अन्य साझेदार संस्थासँग सहकार्य गरी गुणस्तरीय तालिम सञ्चालन गर्ने।

४. महिला, दलित, जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित छात्रवृत्ति, सहुलियत तथा विशेष कार्यक्रम सञ्चालन गर्ने।

५. प्राविधिक शिक्षक तथा प्रशिक्षकको क्षमता विकास, आवश्यक उपकरण तथा पूर्वाधार व्यवस्थापन गर्ने।

६. तालिमपश्चात् रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरी वित्तीय संस्थासँग समन्वय गर्ने।

७. राष्ट्रिय योग्यता प्रारूप (NQF) अनुरूप नीति, निर्देशिका तथा कार्यविधि कार्यान्वयन गर्ने।

८. प्राविधिक शिक्षा तथा सीप विकास कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

- सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पहुँच विस्तार भएको हुनेछ।
- स्थानीय आवश्यकता र श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन भएको हुनेछ।
- राष्ट्रिय योग्यता प्रारूप )NQF) अनुरूप प्राविधिक शिक्षा तथा तालिम प्रणाली कार्यान्वयनमा आएको हुनेछ।
- महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित समूहको सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ।
- तालिम प्राप्त युवायुवतीको रोजगार, स्वरोजगार तथा उद्यमशीलतामा आबद्धता बढेको हुनेछ।
- स्थानीय आर्थिक विकासका लागि आवश्यक दक्ष जनशक्ति स्थानीय स्तरमै उत्पादन र उपयोग भएको हुनेछ।

नतिजा तथा परिनात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय/शिक्षालय संख्या | १ | १ | २ | २ | ३ | ३ |
| २ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९–१२, प्रि-डिप्लोमा/डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक | ५० | ६० | ७५ | ९० | १० | १२० |
| ३ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयनका लागि आवश्यक नीति, निर्देशिका तथा कार्यविधि कार्यान्वयनको अवस्था | प्रारम्भ | आंशिक | ५०% | ७५% | १००% | निरन्तर |
| ४ | प्राविधिक शिक्षा तथा सीप विकास तालिमबाट लाभान्वित जनसंख्या (वार्षिक) | १५० | २०० | २५० | ३०० | ३५० | ४०० |
| ५ | प्राविधिक शिक्षा तथा सीप विकास तालिम प्राप्त गरी रोजगार, स्वरोजगार वा उद्यमशीलतामा आबद्ध जनशक्ति (वार्षिक) | ६० | ८० | १०० | १३० | १६० | २०० |

३.४.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय/शिक्षालयलाई सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | आवश्यकता अनुसार |
| २ | स्थानीय मागमा आधारित सीप विकास तालिम सञ्चालन | तालिम | ५ | ६ | ७ | ८ | १० | ३६ | ८० | वार्षिक |
| ३ | महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न युवालाई लक्षित सीप तालिम | कार्यक्रम | २ | २ | ३ | ३ | ४ | १४ | ३० | समावेशी कार्यक्रम |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयनका लागि नीति/निर्देशिका लागू गर्ने | तालिम | २ | २ | २ | २ | २ | १० | २० | वार्षिक |
| ५ | प्राविधिक शिक्षा तथा सीप विकास तालिम प्राप्त गरी रोजगार, स्वरोजगार वा उद्यमशीलतामा आबद्ध जनशक्ति (वार्षिक) | कार्य | १ | १ | - | - | - | २ | २ | आवश्यकता अनुसार |
| ६ | उद्योग, व्यवसाय तथा निजी क्षेत्रसँग साझेदारी गरी अप्रेन्टिसशिप/इन्टर्नसिप सञ्चालन | कार्यक्रम | १ | २ | २ | ३ | ३ | ११ | २५ | साझेदारीमा |
| ७ | रोजगार तथा स्वरोजगार प्रवर्द्धन (उद्यमशीलता तालिम) सञ्चालन | कार्यक्रम | २ | २ | ३ | ३ | ४ | १४ | ३० | रोजगारसँग जोड्ने |
| ८ | तालिम प्राप्त जनशक्तिको अनुगमन तथा रोजगारमा आबद्धता कार्यक्रम | कार्यक्रम | १ | १ | १ | १ | १ | ५ | १० | वार्षिक |
| ९ | प्राविधिक शिक्षा तथा सीप विकास सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा अनुगमन | प्रणाली | १ | १ | १ | १ | १ | ५ | १० | निरन्तर |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

यस महोत्तरी गाउँपालिकामा ६ वटा वडामा ३ वटा सिकाइ केन्द्रहरु रहेका छन | सो केंद्रहरु मार्फत अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन हुने गरेको छ | प्रत्येक वर्ष निरक्षरहरुको तथ्यांक संकलन र कक्षा संचालन नभएको देखिन्छ | स्थानीय तहमा केही सामुदायिक सिकाइ केन्द्रहरू सक्रिय छन्, जहाँ अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिन्छ। यस्ता केन्द्रहरूमा महिला साक्षरता, जीवन कौशल तालिम, सीप विकास र अन्य सिकाइ कार्यक्रमहरू सञ्चालन गरिन्छ, तर ती केन्द्रहरूको संख्या र पहुँच अझै वृद्धि गर्न आवश्यक छ।सामुदायिक पुस्तकालयहरू नरेहेको अवस्था छ । यसका कारण पुस्तकालयहरूको प्रभावकारी प्रयोगमा कमी आएको छ।

**समस्या र चुनौतीहरूः**

- अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रमहरूको पहुँच र प्रभावशीलता सीमित रहेको ।
- अनौपचारिक शिक्षामा प्रशिक्षित शिक्षकको अभाव रहेको।
- पुस्तकालय र सिकाइ केन्द्रहरूको पूर्वाधारको विकास नभएको।
- शिक्षा र सिकाइका अवसरहरू प्रायः सबै सामाजिक वर्गको लागि समान पहुँच नभएको।

- ५ वर्षभन्दा माथिको साक्षरता दर अपेक्षित स्तरभन्दा कम हुनु।
- १५—२४ वर्ष उमेर समूहमा साक्षरता दर कम हुनु।
- महिला र पुरुषबीच साक्षरतामा लैंगिक असमानता हुनु।
- स्थानीय तहमा पर्याप्त संख्या वा सञ्चालन अवस्थामा सामुदायिक सिकाइ केन्द्र नहुनु।
- सामुदायिक सिकाइ केन्द्रहरू मार्फत वैकल्पिक शिक्षा तथा डिजिटल शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु।

- सामुदायिक सिकाइ केन्द्रबाट वार्षिक रूपमा लाभान्वित हुने जनसंख्या अपेक्षित स्तरभन्दा कम हुनु।
- राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयनका लागि नीति, निर्देशिका तथा कार्यविधि तयारी ढिला हुनु।
- NQF मार्फत प्राविधिक र व्यवसायिक तालिम तथा सीप विकास तालिममा पहुँच सीमित हुनु।
- स्थानीय तहमा आवश्यक सीप र बजार नक्सांकनको आधारमा सञ्चालन हुने सीप तालिम प्रभावकारी नहुनु।
- स्थानीय तहमा साक्षर घोषणा अभियान प्रभावकारी रूपमा लागू नहुनु।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

३. अनौपचारिक शिक्षा र आजीवन सिकाइको पहुँच विस्तार गर्दै महिला, अपाङ्गता भएका व्यक्तिहरू, र अन्य समस्या परेका समूहलाई लक्षित गर्ने।

४. सामुदायिक पुस्तकालयहरूको संख्या बढाउँदै ज्ञानको पहुँच सबैको लागि सुलभ बनाउने।

५. अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई प्रवर्धन गर्न सामुदायिक स्तरमा शिक्षा र जागरूकता कार्यक्रम सञ्चालन गर्ने।

६. सामुदायिक सिकाइ केन्द्रहरू मार्फत वैकल्पिक शिक्षा तथा डिजिटल शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने।

### ३.५.३ रणनीति

१. समावेशी र समतामूलक शिक्षा नीति कार्यान्वयन गर्ने।

२. लक्षित वर्ग महिला), अपाङ्गता भएका, दलित, सीमांकित का लागि विशेष कार्यक्रम (सञ्चालन गर्ने।

३. सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना, विस्तार र सुदृढीकरण गर्ने।

४. सिकाइ केन्द्रहरूमा आवश्यक जनशक्ति, सामग्री र पूर्वाधार उपलब्ध गराउने।

५. सिपमूलक तथा आयमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने।

६. स्थानीय बजारको माग अनुसार सीप विकास तालिम सञ्चालन गर्ने।

७. सामुदायिक पुस्तकालयहरूको स्थापना र विस्तार गर्ने।

८. पुस्तकालयमा डिजिटल तथा आधुनिक सिकाइ सामग्री उपलब्ध गराउने।

९. अनौपचारिक शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

१०. अभिभावक तथा समुदायको सहभागिता वृद्धि गर्ने।

११. डिजिटल तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

१२. ICT तथा प्रविधिमा आधारित सिकाइ प्रणाली विकास गर्ने।

१३. कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

१४.संघ, प्रदेश र साझेदार संस्थासँग सहकार्य गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन्। सामुदायिक सिकाइ केन्द्रहरूको माध्यमबाट सिपमूलक र आयमूलक कार्यक्रमहरू संचालन गरिनेछन्।
- अनौपचारिक शिक्षा मार्फत प्राप्त ज्ञान र सीपहरूको प्रमाणपत्रको व्यवस्था हुनेछ।
- स्थानीय तहमा साक्षरता र साक्षरोत्तर कक्षाहरूको पहुँच र प्रभाव बढ्नेछ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई बहुउद्देश्यीय थलोको रूपमा सुदृढीकरण गरिनेछ।
- साक्षरता र आजीवन सिकाइको क्षेत्रमा समावेशी अवसरहरू सुनिश्चित हुनेछन्।
- समुदायमा विविध सिपमूलक र आयमूलक कार्यक्रमहरूको सफल कार्यान्वयन हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तलको तालिकामा ।*

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) (%) | ३८.९ | ३८.९ | ४२.१४ | ४४.७८ | ४७.३८ | ५३,७६ |
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सँख्या | ० | ० | ० | | | |
| ३ | सामुदायिक पुस्तकालयको सँख्या | ० | ० | १ | १ | १ | ० |
| ४ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने कक्षा सँख्या | ० | ० | ० | | | |

### ३.४.४ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

*तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य ।*

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | | १ | | | १ | २ | ४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | | १ | १ | | १ | ३ | ६ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र संचालन तथा सुदृढीकरण | केन्द्र | | १ | १ | १ | १ | ४ | ८ | |
| ४ | पुस्तक, ई—लाइब्रेरी तथा डिजिटल सामग्री सहितको सामुदायिक पुस्तकालय स्थापना | पुस्त<br>काल<br>य | | १ | १ | १ | ३ | ६ | ६ | |
| ५ | सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन | कार्य<br>क्रम | | | | | | | | |
| ६ | स्थानीय बजार माग अनुसार सिपमूलक तथा आयमूलक तालिम (जस्तैः सिलाई, कम्प्युटर, कृषि, व्यवसाय) सञ्चालन गर्ने। | जना | ३<br>० | ३<br>० | ३<br>० | ३<br>० | ३<br>० | १५<br>० | ३०० | |
| ७ | प्रशिक्षक/सहजकर्ता लागि तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | जना | ३ | ० | ६ | ० | ६ | १०<br>० | १०० | |
| ८ | सामुदायिक सिकाई केन्द्रमा डिजिटल प्रविधि मार्फत अनलाइन सिकाइ कार्यक्रम सञ्चालन गर्ने। | कार्य<br>क्रम | १ | १ | १ | १ | २ | १०<br>० | १०० | |
| ९ | वैकल्पिक शिक्षा कार्यक्रम (स्कूल बाहिर रहेका व्यक्तिका लागि) सञ्चालन गर्ने। | कक्षा | १<br>०<br>० | १<br>०<br>० | १<br>०<br>० | १<br>०<br>० | १<br>०<br>० | १०<br>० | १०० | |
| १० | कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्ने। | पटक | ४ | ४ | ४ | ४ | ४ | १०<br>० | १०० | |
| ११ | संघ , प्रदेश सरकार तथा विकास साझेदारसँग सहकार्य कार्यक्रम सञ्चालन गर्ने। | कार्य<br>क्रम | | | | | | | | आवश्य<br>कता<br>अनुसार |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

स्थानीय तहमा विद्यालयहरूको पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता प्रायः शिक्षा मन्त्रालयका निर्देशिका र राष्ट्रिय पाठ्यक्रम अनुकूल रहेको छ। पाठ्यपुस्तकहरू नियमित वितरण गरिन्छ र विद्यालयहरूले यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिएका छन्। विद्यालयहरूमा शिक्षक तालिम, अभिभावकहरूको सहभागिता र विद्यालयको व्यवस्थापन समितिका माध्यमबाट पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनमा सुधार गर्ने प्रयत्न गरिन्छ। शिक्षण विधिहरूलाई अपडेट र शिक्षकहरूको क्षमता वृद्धिका लागि विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ। चुनौतीहरूमा पाठ्यपुस्तकको अभाव, शिक्षकहरूको कमी, मूल्याङ्कनको सही प्रक्रिया नहुँदा सिकाइको गुणस्तरमा असर पर्ने समस्याहरू छन्। अवसरहरूमा स्थानीय स्तरमा पाठ्यक्रम सुधार, मूल्याङ्कन प्रणालीको अपडेट, र शिक्षक प्रशिक्षणका कार्यक्रमहरूको विस्तार समावेश गर्न सकिन्छ। मूल्याङ्कन प्रणाली प्रायः परीक्षामा आधारित छ, जहाँ आन्तरिक मूल्याङ्कन र बाह्य परीक्षा प्रणालीको संयोजन गर्न प्रयास गरिन्छ। यसको विकासका लागि नियमित मूल्याङ्कन कार्यशालाहरू सञ्चालन गर्दैछन्। स्थानीय पाठ्यक्रममा वातावरणीय शिक्षा र रैथाने ज्ञानलाई समावेश गर्ने पहलहरू भइरहेको छैन। विद्यालयहरूले बृक्षारोपण र वातावरणीय संरक्षणका गतिविधिहरू सञ्चालन गर्दै छन्। हरित विद्यालय र हरित समुदायको अवधारणा स्थानीय पाठ्यक्रममा समावेश गरिएको छ। पाठ्यक्रममा वित्तिय साक्षरता, उद्दमशिलता, सञ्चार सीप र संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सिपहरूको प्रवर्धन गरिएको छ। विभिन्न गैर-आधिकारिक पाठ्यक्रमका माध्यमबाट विद्यार्थीलाई यस्ता सीपहरू प्रदान गरिन्छ जसले उनीहरूको व्यावसायिक र व्यक्तिगत जीवनलाई सशक्त बनाउँछ।

### ४.१.२ उद्देश्य

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गरी सुधारका लागि आवश्यक कार्य योजनाहरू तयार गर्नु।
- शिक्षण सिकाइका क्रममा जीवनोपयोगी सीप र व्यवहारलाई प्राथमिकता दिनु।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने।

- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।
- शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन र सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने व्यवस्थाको सुनिश्चितता गर्ने।
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा र बहु भाषाको प्रयोग गर्ने।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने।
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र वातावरण संरक्षण जस्ता विषयवस्तुहरूलाई प्राथमिकताका साथ समावेश गर्ने।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
- शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि भई शिक्षण सिकाइमा सुधार आएको हुनेछ।
- विद्यार्थीहरूलाई सिकाइ सामग्री र स्रोतहरू उपलब्ध गराइएको हुनेछ जसले शिक्षण प्रक्रिया प्रभावकारी बनाउँछ।
- सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढ्ने छ जसले विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार ल्याउने छ।
- वातावरणीय र सामाजिक दृष्टिकोणबाट समावेशी पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गरेका विद्यालय सँख्या | | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | | | | | | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने। | | | | | | | | | |
| २ | पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने। | | | | | | | | | |
| ३ | विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने। | | | | | | | | | |
| ४ | शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन र सन्दर्भ सामग्रीहरू उपलब्ध गराउने। | | | | | | | | | |
| ५ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धि तालिम। | | | | | | | | | |
| ६ | स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास गर्ने। | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखिकरण कार्यक्रम गर्ने । | | | | | | | | | |
| ८ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागु गर्नको लागि शिक्षकहरुलाइ अभिमुखिरण कार्यक्रम गर्ने। | | | | | | | | | |

### ४.२ शिक्षक व्यवस्थापन र विकास

#### ४.२.१ वर्तमान अवस्था

महोत्तरी गाउँपालिकामा सामुदायिक विद्यालयहरूमा तहगत तथा विषयगत शिक्षकको उपलब्धता अझै पूर्ण रूपमा सन्तुलित हुन सकेको छैन। केही विद्यालयमा विषयगत शिक्षकको अभाव रहेको छ भने केही विद्यालयमा शिक्षक वितरण असन्तुलित रहेको अवस्था छ। रिक्त दरबन्दीका कारण शिक्षण सिकाइ प्रक्रियामा प्रभाव परेको छ।

शिक्षकको क्षमता विकासका लागि विभिन्न तालिम, अभिमुखीकरण, कार्यशाला तथा पेसागत सहयोगका कार्यक्रम सञ्चालन भइरहेका छन्। तर सबै शिक्षकको निरन्तर पेसागत विकास, विषयगत शिक्षक सञ्जाल, शिक्षक सिकाइ समूह (Teacher Learning Circle), कोचिङ तथा मेन्टोरिङ प्रणालीलाई अझ व्यवस्थित बनाउन आवश्यक देखिन्छ।

शिक्षकको उपस्थिति तथा नियमितता अनुगमनका लागि विद्यालय, शिक्षा शाखा तथा स्थानीय तहबाट अनुगमन गरिने व्यवस्था भए पनि कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग प्रभावकारी रूपमा जोड्न आवश्यक छ।

सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइको प्रयोग विस्तार हुँदै गएको भए पनि सबै शिक्षकलाई २१औँ शताब्दीको आवश्यकताअनुसार डिजिटल शिक्षण सीप प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ।

समता तथा समावेशीकरणका दृष्टिले महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको शिक्षण पेशामा सहभागिता अपेक्षाकृत कम रहेको छ। समावेशी शिक्षण, लैङ्गिक समानता तथा अपाङ्गमैत्री शिक्षणसम्बन्धी शिक्षकको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

#### ४.२.२ उद्देश्य

१. विद्यालयमा तहगत तथा विषयगत शिक्षकको समतामूलक उपलब्धता, वितरण तथा व्यवस्थापन सुनिश्चित गर्ने।
२. शिक्षकको निरन्तर पेसागत विकास तथा क्षमता अभिवृद्धि गर्ने।
३. शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरी नतिजामुखी व्यवस्थापन प्रणाली विकास गर्ने।
४. सूचना तथा सञ्चार प्रविधिमा दक्ष, समावेशी र २१औँ शताब्दीको आवश्यकता अनुरूप शिक्षक विकास गर्ने।
५. महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको शिक्षण पेशामा सहभागिता प्रवर्द्धन गर्ने।

#### ४.२.३ रणनीति

१. विद्यालयको आवश्यकता अनुसार तहगत तथा विषयगत शिक्षकको समतामूलक वितरण तथा व्यवस्थापन गर्ने।

२. रिक्त शिक्षक दरबन्दी पूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गरी वैकल्पिक व्यवस्थापन गर्ने।
३. विषयगत शिक्षक सञ्जाल, शिक्षक सिकाइ समूह (Teacher Learning Circle), कोचिङ तथा मेन्टोरिङ प्रणाली सञ्चालन गर्ने।
४. शिक्षकका लागि ICT, डिजिटल शिक्षण, समावेशी शिक्षा, STEAM तथा २१औँ शताब्दीका शिक्षण सीपसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने।
५. शिक्षक तथा प्रधानाध्यापकको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने।
६. विद्यालय अनुगमन, पेसागत सहयोग तथा सुपरिवेक्षण प्रणालीलाई सुदृढ बनाउने।
७. समता, समावेशीकरण, लैङ्गिक समानता तथा अपाङ्गमैत्री शिक्षणसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
८. उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षक तथा विद्यालयलाई प्रोत्साहन तथा पुरस्कार प्रणाली विकास गर्ने।

**४.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
- शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ।
- शिक्षक पेसागत सहयोग पद्धतिका माध्यमबाट शिक्षकहरूको क्षमता र कार्यसम्पादनमा सुधार आएको हुनेछ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार भएको हुनेछ।
- शिक्षक र प्रधानाध्यापकको बृत्ति विकास विद्यार्थीको सिकाइ सुधारसँग समन्वयित भइ नतिजाप्रति जवाफदेही भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

**४.१.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विषयगत तथा कक्षागत शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने। | | | | | | | | | |
| २ | शिक्षक आपूर्ति, वितरण र रिक्त पदपूर्ति सुनिश्चित गर्ने। | | | | | | | | | |
| ३ | शिक्षक तालिम (विषयगत, ICT, शिक्षण विधि) सञ्चालन गर्ने। | | | | | | | | | |
| ४ | शिक्षकको निरन्तर पेसागत विकास (CPD) कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | | |
| ५ | शिक्षक सञ्जाल, सिकाइ समूह, कोचिङ तथा मेंटरिङ प्रणाली सञ्चालन गर्ने। | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकलाई प्रेरणा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | | | | | | | | | |
| ७ | शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमन प्रणाली सुदृढ गर्ने। | | | | | | | | | |
| ८ | ICT तथा २१औँ शताब्दीका सीपमा आधारित तालिम सञ्चालन गर्ने। | | | | | | | | | |
| ९ | समता, समावेशीकरण, लैंगिक तथा अपाङ्गमैत्री शिक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने। | | | | | | | | | |
| १० | शिक्षक विकास कार्यक्रम, अभिमुखीकरण तथा सिकाइ भ्रमण सञ्चालन गर्ने। | | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

महोत्तरी गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। यादव, मुस्लिम, मुसहर र भूमिहार को मुख्य रुपमा बसोवासको बाहुल्यता रहेको छ ।

यस पालिकामा लैङ्गिक अनुपात ९४.७१ पुरुष प्रति १०० महिला रहेको छ। गाउँ कार्यपालिका, वडा समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति न्यून रहेको छ।

**शैक्षिक समता र समावेशीकरणका चुनौतीहरू**

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित नहुनु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण नहुनु।
३. विद्यालयमा लैङ्गिक असमानता तथा विभेद कायम हुनु ।
४. अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता न्यून हुनु ।
५. विपन्न समूहका बालबालिका विद्यालय बाहिर रहनु ।
६. विद्यालयमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधारको अभाव ।
७. किशोरीहरूको यौनिक स्वास्थ्य सम्बन्धि व्यवस्थापन कमजोर हुनु ।

### ४.३.२ उद्देश्य

- सबै जातजाति, लिंग, अपाङ्गता, र सामाजिक वर्गका बालबालिकाहरूलाई शिक्षाको समान अवसर प्रदान गर्ने।
- विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्ने।
- विद्यालयहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, र अपाङ्गतामैत्री बनाउने।
- अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता अनुसार विशेष शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने।
- अपाङ्गतामैत्री विद्यालयहरूको पूर्वाधारको विकास गर्ने।

- विभिन्न सांस्कृतिक, भाषिक, र सामाजिक पृष्ठभूमिका बालबालिकाहरूको आवश्यकता अनुसार शिक्षा कार्यक्रमहरू तर्जुमा गर्ने।

### ४.३.३ रणनीति

- विद्यालयहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, र अपाङ्गतामैत्री बनाउने।
- सिकाइका लागि आवश्यक पूर्वाधार (जस्तैः शौचालय, पानीको व्यवस्था, राम्प, र अन्य सुविधाहरू) पुरा गर्ने।
- विद्यालयहरूमा सुरक्षित र समावेशी वातावरण सिर्जना गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी उनीहरूको आवश्यकता अनुसार शिक्षा कार्यक्रम तर्जुमा गर्ने।
- विशेष शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने र आवश्यक सामग्री उपलब्ध गराउने।
- विपन्न र सुविधाविहिन बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरूको लागि विशेष छात्रवृत्ति व्यवस्था गर्ने।
- विद्यालयहरूमा स्वच्छता र सरसफाईको व्यवस्था गर्ने।
- किशोरिहरूलाई महिनावारी स्वच्छतासम्बन्धी शिक्षा र सेवा प्रदान गर्ने।
- बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- यौनिकता शिक्षा र प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममा समावेश गर्ने।
- विद्यार्थीहरूको सहभागिता बढाउने गरी सिकाइ क्रियाकलापहरू तर्जुमा गर्ने।
- शिक्षकहरूलाई लैङ्गिक समता, समावेशी शिक्षा, र अपाङ्गतामैत्री शिक्षण विधिहरूको तालिम प्रदान गर्ने।
- समुदायलाई शिक्षामा सहभागी बनाउने र जागरूकता अभियान सञ्चालन गर्ने।
- स्थानीय संस्थाहरूसँग सहकार्य गरी शिक्षाको गुणस्तर सुधार गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिकाभित्रका सबै विद्यालयहरू क्रमशः बालमैत्री, लैंगिकमैत्री र अपाङ्गतामैत्री भएको हुनेछ।
- दलित, अपाङ्गता भएका र अतिविपन्न बालबालिकाहरूको विद्यालय भर्ना दर उल्लेख्य रूपमा वृद्धि भएको हुनेछ।
- शिक्षकहरूले समावेशी र लैंगिक समतामूलक शिक्षण विधिको तालिम प्राप्त गरी उनीहरूको सिकाइ सहजीकरण दक्षतामा सुधार आएको हुनेछ।
- किशोरीहरूको विद्यालय उपस्थिति र टिकाउ दर महिनावारी स्वच्छता कार्यक्रमको प्रभावबाट बढेको हुनेछ।
- बहुभाषिक शिक्षा कार्यक्रमले मातृभाषी बालबालिकाहरूको सिकाइ उपलब्धि र विद्यालयप्रतिको आकर्षण बढाएको हुनेछ।
- अभिभावक र समुदायको सहभागिता बढी विद्यालय शिक्षामा सामूहिक स्वामित्वको भावना विकास भएको हुनेछ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या (दलित, अपाङ्ग, अतिविपन्न) | — | तथ्यांक सङ्कलन | १०%वृद्धि | २०%वृद्धि | ३०%वृद्धि | ४०%वृद्धि |
| २ | अपाङ्गमैत्री पूर्वाधार भएका विद्यालयको प्रतिशत | — | तथ्यांक सङ्कलन | ३०% | ५०% | ७५% | १००% |
| ३ | लैङ्गिकमैत्री शौचालय भएका विद्यालयको प्रतिशत | — | तथ्यांक सङ्कलन | ५०% | ७०% | ८५% | १००% |
| ४ | समावेशी शिक्षामा तालिम प्राप्त शिक्षकको प्रतिशत | — | तथ्यांक सङ्कलन | ५०% | ७५% | १००% | १००% |
| ५ | विद्यालय बाहिर रहेका बालबालिकाको संख्या (लक्षित समूह) | — | तथ्यांक सङ्कलन | २०%घटाउ | ४०%घटाउ | ६०%घटाउ | ८०%घटाउ |
| ६ | बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालित विद्यालय संख्या | — | तथ्यांक सङ्कलन | २ | ४ | ६ | सबै |
| ७ | अभिभावक सहभागिता दर (विद्यालय भेला/कार्यक्रममा) | — | तथ्यांक सङ्कलन | ५०% | ६५% | ८०% | ९०% |

### ४.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छः

